# तामाङ परम्परागत शासन व्यवस्था र चोको/चोहो प्रथा

अजितमान तामाङ


## लेखसार

*तामाङ प्रथाजनित शासन व्यवस्थाको रूपमा तामाङ शासक ग्याल्बो च्युडी (बाह्र राजा), तामाङ च्युडी १२ तामाङ र ह्रुअीछेन च्योपग्ये १८ महावंश, १२ तामाङ र १८ तामाङ थर लगायतका तामाङ शासकीय संरचनालाई जनाउँछ । १२ तामाङ शासकीय स्वरूप हो भने १८ महावंश तामाङ थरहरूको गण संरचना हो । प्राचीन तामाङ शासन व्यवस्थाको स्वरूप संघीय रहेको सङ्केत गर्दछ । लोपउन्मुख यो शासन व्यवस्था बारेको सूचना तामाङ सांस्कृतिक अनुष्ठान तथा संस्कारका मौखिक पाठहरू र प्राचीन साहित्यिक रचनाहरूमा भाषिक शब्दावलीमा अवशेषात्मक र सङ्केतात्मक रूपमा भेटिन्छ । तामाङ शासकीय स्वरूपका ग्याल्बो राजा वा प्रमुख शासक, लोन्पो मन्त्री, चोहो/चोमो सञ्चालक सञ्चालिका, सामाजिक सङ्गठनको संरचना, जिम्मेवारी प्राप्त नेतृत्वका दायित्व र कार्य विवरण समग्रमा तामाङ प्रथाजन्य न्यायप्रणाली हुन । तामाङ शासन व्यवस्थासँग सम्बन्धित तामाङ भाषाका ग्याल्बोच्युडी, चोको, चोहो, नेपो-नेमो, नेठी, ग्याल्ठी, ग्याल्बो, ग्ले, लोन्पो, ताम्सालिङ, १२ तेमाल, १२ लाच्याङ, १२ गोर्स्याङ; दिम्सा, खोर्सा-नाम्सा, माग्बुम्ज्यो, युल्ठिम, म्हीठीम छ्योओीठीम, युलठीम आदि पारिभाषिक शब्दवलीहरू रहेको पाईन्छ । यस्ले शासकीय संरचना, भूगोल, न्यायप्रणाली र प्रशासनलाई बुझाउने छ । कानूनी-बहुलताका बीच रसुवा जिल्ला आमाछोदीङमो गाउँपालिका-३ मा अभ्यासरत छ । यो चोको तामाङ शासकीय व्यवस्था र सांस्कृतिक अभ्यासले प्राकृतिक स्रोत-साधानको न्यायोचित व्यवस्थापन र वितरणको कारण नागरिकमा मूलभूत द्वन्द्व न्यून भएको देखिन्छ ।*



**शब्दकुञ्जी**

नाम्सा, युल्सा, ग्याल्सा, ताम्सालिङ, म्हीठीम, युल्ठीम, छ्योओीठीम, चोको, चोहो, नेपो-नेमो, नेठी, ग्याल्ठी, ग्याल्बो, ग्ले, लोन्पो, दिम्सा, खोर्सा, नाम्सा, माग्बुम्ज्यो ।


## १. परिचय

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताले युक्त छ भन्ने कुरा नेपालको संविधान (२०१५)को प्रस्तावनामा उल्लेख छ । संवैधानिक रूपमै मुलुकले संघात्मक शासकीय स्वरूप र व्यवस्थालाई अङ्गीकार गरेको छ । नेपालको बहुजाति वा राष्ट्र मध्ये एक तामाङ जातिको आफ्नो छुट्टो भाषा, धर्म, संस्कृति र मौलिक भौगोलिक क्षेत्र ताम्सालिङ रहेको छ । यो भूगोल संघीय नेपालको वागमती प्रदेशमा पर्दछ र यहाँ तामाङ जातिको सघन बसोबास रहेको छ । नेपालको जनगणना-२०२१ को प्रतिवेदनले यो प्रदेशमा तामाङ जातिको जनसङ्ख्या सबैभन्दा ठूलो जनसङ्ख्या १२ १६५१७ अर्थात १९.८८% रहेको तथ्याङ्क

सार्वजनिक गरेको छ । नेपालमा तामाङ जातिको जनसङ्ख्या कूल जनसङ्ख्याको ५.६२% अर्थात् १६,३९,८६६ र यो नेपालको पाँचौ ठूलो जनसङ्ख्या हो यसैगरी तामाङ भाषा कूल जनसङ्ख्याको ४.८८% अर्थात १४२३०७५ जनसङ्ख्याको मातृभाषा हो, यो नेपालको पाँचौं ठूलो जनसङ्ख्याको मातृभाषा हो (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३) ।

अखिल भारतीय तामाङ बौद्ध संघका महासचिवका अनुसार भारतभर तामाङ जनसङ्ख्या पन्ध्र लाख रहेको अनुमान छ (प्रधान, २००२) । अन्तर्राष्ट्रिय तामाङ परिषदका महासचिव टाशी लामाका अनुसार पछिल्लो समयमा तामाङ जाति अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत, चीनको हङकङ, जापान, कोरिया, थाइल्यान्ड, म्यानमार, युरोपका बेल्जियम, रुमानिया, फ्रान्स, स्पेन, नेदरल्यान्ड आदि देशमा स्थायी-बसोबास गरी आएका छन् । संसारभर तामाङहरू सङ्गठित भई तामाङ भाषा र तामयीग लिपि, धर्म, संस्कृति, संस्कार परम्परा आदिको संरक्षणमा क्रियाशील रहेका छन् ।

तामाङ जाति नेपालमा आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन (२०१३) र भारतमा अनुसूचित जाति र अनुसूचित जनजाति आदेश ऐन (संशोधन-२००२) अनुसार सेड्युल्ड ट्राइब आदिवासी/जनजातिको सूचीमा (सिक्किम र पश्चिम बङ्गाल राज्यमा) सूचीकृत छ ।[1]

## २. तामाङ शब्दको व्युत्पत्ति र इतिहास र तामाङ जतिको चिनारी

तामाङ शब्दले तामाङ जाति, राष्ट्र[2] र समुदायलाई बुझाउँछ । तामाङ जातिको उत्पत्ति र तामाङ शब्द कसरी निर्माण भए भन्ने बारेको थुप्रै अभिमतहरू छन् । ती मध्ये एक ऐतिहासिक भाषाविज्ञानका व्युत्पत्तिको सिद्धान्तका आधारमा तामाङ शब्दको व्युत्पत्तिका बारे तामाङ (२०२०क) ले राष्ट्रवाचक अर्थमा चिनिया-मङ्गोल[3] भाषाका

1 नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा (२) को (क) वमोजिमको अनुसूचीमा उल्लेख छ र भारतमा अनुसूचित जाति र जनजाति आदेश ऐन संशोधान-२००२ अनुसार तामाङ जाति सूचीकृत भएको छ (बमजन, २००९, पृ. २०१-२०९)।

2 अङ्ग्रेजी भाषाका अनलाइन क्याम्ब्रिज शब्दकोशमा र हिन्दी-अङ्ग्रेजी शब्दकोशमा Nation को अर्थ जाति, राष्ट्र, राज्य, देश 'विशेष गरी आफ्नो सरकार, भाषा, सांस्कृतिक-परम्परा आदिको साथै एक क्षेत्रमा बसोबास गर्ने मानिसहरूको ठूलो समूह' भनेका छन् । त्यसकारण तामाङ जाति र राष्ट्र हो ।

3 तामाङ शब्दलाई विग्रह गरी हेर्दा भाषावैज्ञनिक विश्लेषण गर्दा ता- शब्दको तानका आधारमा चार अर्थ हुन्छ- (१) जाति र राष्ट्रवाचक अर्थमा महा वा महान (great), (२) प्रश्न वाचक के?, (३) सबै विषय/वस्तुका प्रवेशद्वार र (४) जनावर अर्थमाघोडा बुझाउँछ । भने -माङ शब्दले (१) राष्ट्र र वंशका अर्थमा मङ्गोल या धरै जनसङ्ख्या (तिब्बति) भएको भूगोल, (२) जनावरको अर्थमा भूत/भालु/बाँदर, (३) दिशाबोध गराउने अर्थमा तल र (४) सपना भन्ने बुझाउँछ । तामाङ जातिवाचक र राष्ट्रवाचक अर्थमा भाषाविज्ञानका व्युत्पत्तिको सिद्धान्तबाट हेर्दा तामाङ को पूर्वरूप चिनिया-मङ्गोलीयन भाषाका/ता-माङगु-को/, /大蒙古国/, /Dà ménggŭguó/[तामाङ्गगु-को] को अर्थ महान मङ्गोल देश हुन्छ, यहाँ ता को अर्थ महा वा महान हुन्छ र माङ्ग ले ङ्गमङ्गोल राष्ट्र वा जाति (वंश वा नश्ल) र को ले शासकीय भूगोलमुलुक वादेश बुझाउँछ । यो महावंश, जाति तथा राष्ट्र वाचक/ता-माङगु-को/अर्थ दिने मूलशब्दबाट व्युत्पत्ति भइ तामाङ शब्द निर्माण सम्भव हुन्छ । तामाङ भाषामा ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिको यो सिद्धान्तलाई पुष्टि गर्ने तामाङभाषिक व्याकरणीय आधार छ । हेरौं उदाहरण- भक्तपुरलाई प्राचीन तामाङ भाषामा खोप्रीङ भनिन्छ, यसको अर्थ खचाखच घरबस्ती ("...खोप्रीङनाङला थाङसीङला दोङ....ठीमी नाङला साप्राला पोङ" भन्ने ऐतिहासिक प्रसङ्ग पाइन्छ), खोप्रीङबाट खोपाङ अनि खोप (अचेलको नेपालभाषामा), ललितपुरलाई तामाङ भाषाको यार्लुङपा बाट याराङ/हेराङ/येलुङबाट यल (नेपालभाषामा), काठमाडौंलाई तामाङ भाषामा याम्बुब्रुम/याम्बुकोर्मा/याम्बुप्रीङबाट याम्बु र यँ (नेपालभाषामा), त्यस्तै तामाङ भाषामा /चाबा मुला/को /चामुला/, /ताम पान्तीसी पाङबा/को /ताम्बा/, /खानाङ वा हानाङ/को /खाना/आदि । तामाङ जातिका बारे अन्वेषकहरू ह्येमील्टन, भेन्सीटार्ट, जनकलाल शर्मा र प्रायः मानवशास्त्रीहरूले तामाङ जातिलाई मङ्गोल वंश या नश्लका जाति हुन भनि बताउँदै आएका छन् भने तामाङ संस्कृति र उद्गम इतिहासले पनि त्यही बताउँछ ।

ता-माङगु-को अर्थात 'महा-मङ्गोल देश' शब्दबाट व्युत्पत्ति भएको तर्क गरेका छन् । तामाङ शब्दको व्युत्पत्तिको यो सिद्धान्तले तामाङ जातिको प्रागैतिहासिक कथनहरू, सांस्कृतिकका साथै राष्ट्रवाचक र जातिवाचक अर्थमा पुस्ट्याँइ दिने तथ्यहरू भेटिन्छ । ऐतिहासिक भाषाविज्ञानका व्युत्पत्तिका सिद्धान्त एवं अर्थ भाषाविज्ञानका दृष्टिले तामाङ भाषाको यो शब्द निर्माण विधि तार्किक र अर्थपूर्ण छ । यो भाषावैज्ञानिक तथ्यलाई नजिक पुऱ्याउने पुरातात्विक आधार प्राप्त छ । तामाङ जातिको उत्पत्तिका सवालमा जनकलाल शर्मा (२००१) ले उल्लेख गरेका छन्-

> ...नेपाल र रसिया सरकारको संयुक्त पुरातात्विक अध्ययनको सिलसिलामा रसियाका लेनिनग्राद विश्वविद्यालयका पुरात्व संस्थानका प्रागैतिहासिक पुरातत्व विद डा. एनातोली याकोब्भ सेटेन्को समेत अध्ययन दलले विभिन्न स्थानहरूमा अन्वेषण गरेका थिए । सो दलले काठमाडौंमा बुढानिलकण्ठको दक्षिण पूर्वतिर बनियापाखा र पण्डित गाउँको बीच धोबीखोलाको किनारमा पाषाणकालीन हतियार फेला परेको उल्लेख गरेका छन् । प्रागैतिहासिक पुरातत्त्व विज्ञ डा.सेटेन्कोले सो पुरातात्त्विक प्राचीन पाषणयुग (उत्तरकाल ईशापूर्व ३० हजार वर्ष)का हतियारलाई तीन खालका मध्ये 'गोबी नमूनाका धार भएका' वर्गमा छुट्याएका थिए । यो नमूना मङ्गोलियाको गोबीबाट सुरु भएर सुदूर पूर्व एसिया हुँदै अमेरिकासम्म पुगेको ढुङ्गे उपकरण काठमाडौं उपत्यकामा फेला पारेका बताएका छन् । यो उपकरणले पाषणयुगीय मङ्गोलीयनहरू तिब्बत र हिमालय पार गरेर नेपाल आइपुगेको देखा पर्दछ । यसबाट यही सिद्ध हुन्छ इसापूर्व तीस हजार वर्षभन्दा पहिलेदेखि नै मङ्गोलहरू काठमाडौं उपत्यकामा उत्तरतिरबाट आएर आबाद भए । 'हामी सबभन्दा पुराना बासिन्दा हौं' भन्ने तामाङहरूको धारणालाई यसले निकै पुष्टि गर्दछ । पछिल्लो कालमा तिनै मङ्गोलहरू तामाङ, मुर्मी आदि अनेक नामले सम्बोधित हुँदै गए । नेपालका पुराना वंशावलीहरूले 'नेपाल उपत्यकालाई आवाद गर्ने मञ्जुश्री बोधिसत्व स्वयं अनेक शिष्यहरूको साथ महाचीनबाट आएका हुन्' भन्दछन् वंशावलीको यो कथनले पनि डा.सेटेन्को भनाइ र तामाङहरूको भनाइलाई पुष्टि गर्दछ ।... (शर्मा, २००१, पृ. ३१७-३१९)

यी माथिका पुरातत्त्वका ज्ञाता जनकलाल शर्माको कथन र तर्कको पुष्टि गर्ने थप तथ्यहरू भेटिएका छन् । तामाङ जातिको मोक्तान वंश (थर)को कुल-कुलायनका बेला लाप्ताबा पुजारीद्वारा गरिने मौखिक सांस्कृतिक-पाठहरू सङ्कलन गरी बिरबहरदुर मोक्तान तामाङ (२०१८) ले पुस्तकारमा मोक्तान ह्वुअीला फोलाछ्योओी प्रकाशनमा ल्याएका छन् । पुस्तकमा तामाङ जाति रसिया, काजकिस्तान, मङ्गोलिया र चीनको व्हाङहो पहेँलो नदी, गोबी मरुभूमिका क्षेत्रसम्म फैलिएका आल्टाइ पर्वत शृङ्खलाबाट बसाइ सर्दै आएको ऐतिहासिक विवरण उल्लेख गरेका छन् । पुस्तकमा उल्लेखित सो ऐतिहासिकता र सांस्कृतिक विवरणका महत्त्वपूर्ण पाठ्यांश यहाँ प्रस्तुत गरिन्छ-

> "....म्हेमे छीरीङ दोर्जे, म्हेमे तामाग्याला, आभाया हीरा, आल्टे ह्युलसे ह्वाङहो खोर्सो, जेकोक, जीनीङ ह्युलरी, ख्याम्सी स्युबा, म्हेमे गर्जा गुमाअी । ह्वाङ हो खोर्सो भ्केकोग, जीनीङ ह्युल्से, यार्लुङ ग्यानाग युलरी ख्याम्सी स्युबा म्हेमे लायुल दोर्जे, गुगे स्याङस्युङ, बोत ह्युलरी ख्याम्सी स्युबा, म्हेमे लानाम् दोर्जे । गुगे ह्युल्से, थीकु छोडदी ह्युलरी ख्याम्सी स्युबा, म्हेमे मादाअु दोर्जे । थीखु छ्योङदी बोत ह्युल्से मुगु ह्युल्सारी ख्याम्सी स्युबा म्हेमे चाङरी बोन, म्हेमे भ्फाङ्गअी भ्फोराल ग्याल्बो, म्हेमे ताजन ताजेन् ग्याल्बो । मुगु ग्याल्साला तेमाला अुना स्युबा ग्याल्बो न्होर्बु साङ्बो... ।" (तामाङ, २०१८, पृ. १४)

मोक्तान वंशको कुलायनका पाठबाट प्राप्त यो वृतान्तले तामाङ जातिको मोक्तान वंशज तामाग्याला लगायतका

पुर्खाहरूको उद्गम थलो मङ्गोललगायत चीनका गोबी मरुभूमि क्षेत्रमा फैलिएको आल्टइ पर्वत शृङ्खला र चीनको सांस्कृतिक सभ्यताको जन्मस्थल ह्वाङहो पहेंलो नदी आसपासका गोबी क्षेत्रलाई बताइएका छन् । यही गोबी र पहेँलो नदीको सभ्याता चीनको सान्सी प्रान्तमा मञ्जुश्री बोधिसत्वको जन्मभूमि वु थाओी सान पञ्च शीर्ष पर्वत पर्दछ । यही पञ्चशिर्ष पर्वत नेपालका वंशावलीका कथन स्वयम्भू पुराणमा उल्लेख नेपाल उपत्यकालाई आवाद गराउने बोधिसत्व मञ्जुश्रीको थातथलो हो । जोशी (१९८४, पृ. ४२) मा १३औं शताब्दीमा नेपाली महान कलाकारबाल्बु अरनिकोले निर्माण गरेको बौद्धस्तुपाको सूचना रहेको छन् । यहाँका बौद्ध मठहरूमा ओमआरापाचाना दीदीदी.... मन्त्र लेखिएको देखिन्छ र मञ्जुश्रीकै प्राथना गर्ने गरिन्छ (पंक्तिकार स्वयं २०१६ मा स्थलगत भ्रमण गरी आवलोकनबाट प्राप्त सूचनामा आधारित) । तामाङ (२०१४, पृ. ४१-४८) ले अनुसार चिनिया तत्वीय खगोलशास्त्रमा आधारित नयाँवर्ष बसन्त उत्सव र तामाङ ल्होछार नयाँवर्ष एकै दिनमा मनाउनुले पनि यो तामाङ सांस्कृतिक परम्पराको इतिहाससँग सम्बन्ध रहेको बताएका छन् । यो सम्बन्धले तामाङ मोक्तान (२०१८)को चीनको पहेँलो नदीको वर्णन र तामाङ ल्होछार संस्कृतिसँग शर्मा (२००१) को ३०,००० वर्ष अघिको गोबी नमुनाका पाषाणकालिन उपकरण बारेको पुरातात्वीक प्रमाणका आधारलाई थप पुष्टि गरेको छ । तसर्थ तामाङ जाति आल्टाइ पर्वत श्रृंखलाका चीन-मङ्गोलीया क्षेत्रमा फैलिएका गोबी मरूभूमि र पहेलो नदीको तटीयक्षेत्र हुँदै एक झुण्ड चीनको दक्षिण-पश्चिम तिब्बतस्याङस्युङ सभ्यता, गुग्ये, पुराङ्चे (ताक्लाकोट) र नेपालको मुगु (मुगुम) भइ उत्तर तिरैबाट वर्तमान तामाङ भूमि ताम्सालिङ बागमती प्रदेशसम्म आइपुगेको उल्लेख गरेका छन् (तामाङ, २०२०क र तामाङमोक्तान, २०१८) ।

नेपालमा तामाङ शब्दको प्रयोगका सन्दर्भमा ज्याक्सान (१९७८, पृ. २१२ ) ले १२ औं शताब्दीताका तिब्बत स्थित गुङथाङ राज्यको लो-मुस्ताङको किल्ला-अभिलेखमा लो मुस्ताङका सेमोन सेरिब तामाङ भनि उल्लेख गरिएको बताएको छ । ब्रिटिस उपनिवेश कालका भारतीय अन्वेषक तथा लेखकहरू भेन्सीटार्टले १८९६ ताका आदिवासी बुझाउने मुर्मी र तामाङ, सँयु; इंसान, काठभोटिया/भोटे भनिनेहरू काठमाडौं वरिपरिका पाखा पर्वतमा बसोबास गर्ने गैरहिन्दू समुदाय हुन् भनेका छन् (तामाङ, २०२४; तामाङ, २०२०ख; भान्डीङ, १९९८; ज्याक्सन, १९७८; ह्यामिल्टन, १८१९) तामाङहरूले ब्रिटिस-भारतीय समयमा सेनामा जागिर खान मुर्मी-कागते, मुर्मी-योल्माली लेखाउने गरेको बताएका छन् (भेन्सीटार्ट, १८९६) । तामाङ आफैंले भने तामाङ या हामी १२ तामाङ भनेर भन्दै आएको पाइन्छ । यी तामाङ जातिको ऐतिहासिक तथा सांस्कृतिक तथ्यहरूले नेपाल उपत्यकामा ३०,००० वर्ष अघि देखि तामाङ जातिको उपस्थिति रहेको तामाङ उदग्म इतिहास देखाएको छ ।

## ३. तामाङ प्रथाजनित शासन व्यवस्था

तामाङ प्रथाजनित शासन व्यवस्था बारेको सूचना तामाङ वंशावली, कुलकुलायनका लिखित तथा मौखिक पाठ, इतिहासका ग्रन्थादिमा भेटिन्छ । ताम्बाकाओीतेन व्हाओीरीमठीम, जीक्तेन तामछ्योओी, कुक्पा खाछ्योओी, ताम्बालाताम, मोक्तान ह्वुओीकी फोलाछ्योओी आदि प्राचीन लोक साहित्य तथा तामाङ इतिहासका स्रोतहरू हुन् । यी ग्रन्थहरूमा तामाङ शासक ग्याल्बो च्युङी बाह्र राजा, तामाङ च्युङी १२ तामाङ र ह्वुओीछेन च्योपग्ये १८महावंशको उल्लेख गरीएको पाइन्छ (मोक्तान, १९५६, पृ. १४; लामापाखीन, २०१३, पृ. १८; ताओुस्चर, २००७; तामाङ, २००५, पृ. ९९) । भेन्सिटार्ट (२०१२ र १८९६) ले १२ तामाङ र १८तामाङ थर र किपटका बारेमा चर्चा गरेका विषयले तामाङ शासकीय संरचनालाई जनाउँछ । यहाँ १२ तामाङ शासकीय स्वरूप हो भने

१८ महावंश तामाङ थरहरूको गण संरचना हो । भेन्सीटार्ट (१८९६) ले भनेको जस्तो तामाङ १८जात घटुवा भएका थर भने होइन । प्राचीन तामाङ साहित्यमा स्पष्ट १२ तामाङ र १८महावंश भनेको छ । यी प्रारम्भिक विवरणहरूले प्राचीन तामाङ शासन व्यवस्थाको स्वरूप संघीय रहेको सङ्केत गर्दछ ।

लोपउन्मुख यो शासन व्यवस्था बारेको सूचना तामाङ सांस्कृतिक अनुष्ठान तथा संस्कारका मौखिक पाठहरूमा र प्राचीन साहित्यिक रचनाहरूमा भाषिक शब्दावलीमा अवशेषात्मक र सङ्केतात्मक रूपमा भेटिन्छ । अनुसन्धाता इडेन भेन्सिटार्ट (१८९६, पृ. १८३-१८४) ले बाहतामाङहरूको सूची र बाह्र तामाङका किपटको विवरण दिएका छन् । बुद्धिमान मोक्तान (१९५६, पृ. १, २, १९-३२) ले 'जीक्तेन तामछ्योओी' पुस्तकमा तामाङ शासकीय स्वरूपका ग्याल्बो राजा वा प्रमुख शासक, लोन्पो मन्त्री, चोहो/चोमो सञ्चालक सञ्चालिका, सामाजिक सङ्गठनको संरचना, जिम्मेवारी प्राप्त नेतृत्व र बुद्धिजीबी वर्गका दायित्व र कार्य विवरण सँगै तामाङ प्रथाजन्य न्यायप्रणालीका बारेमा जानकारी दिएका छन् ।, सन्तबिर लामा पाख्रीन (२०१८, पृ. १-३) ले शासकीय पञ्च निर्णयक मण्डलको तहगत सामाजिक सङ्गठनका मर्यादाक्रम र दस्तुर, शासकीय प्रणाली र न्यायप्रशासन तर्फ युल्ठीम[४] देशको न्यायप्रणाली र मूल कानून,ग्लेठीम राजकीय न्यायप्रणाली, म्हीठीम नागरिक न्यायप्रणाली, छ्योओीठीम धार्मिक न्यायप्रणाली, ब्रेल्बाठीम कूटनीतिक सम्बन्ध प्रणाली, म्रासीङबुल्वाठीम ऋतुअनुसार खानपान र खेतीबाली प्रणाली तथा कुक्पाखाछ्योओी ईसारा वा सांकेतिकभाषाको व्यवस्थाका संक्षिप्त जानकारी दिएका छन् । जि.डी. लामा (१९८३, पृ.१-८) ले तामाङ च्युङीसे तेन्सी डेन्सी बाबाला ठीमडोन १२ तामाङ मानील्याएको न्याय प्रशासनका विधिविधानका बारेमा उल्लेख गरेका छन् । पेम्पा तामाङ (२००५) ले तामाङ जातिको किपट प्रणालीका जानकारी दिएका छन् तर शासकीय प्रणाली तथा सवरूपका बारेका पर्याप्त जानकारी दिएको छैन । अजितमान तामाङ (२००३; २०१०; २०१२ ; २०२४) ले १२ तामाङ परम्परागत शासकीय संरचनाका ठी गद्दि ओहदाका चर्चा गरेका छन् तर यी अध्ययनहरूमा शासकीय संरचना र राजनीतिक भूगोलका स्वरूप, शासक चोको/चोहोको कार्य-प्रणाली, भूमिका के र कस्तो थियो भन्ने सग्लो रूपमा उल्लेख गरिएको छैन । तसर्थ यो अध्ययन प्रथाजनित तामाङ शासन व्यवस्थामा चोको/चोहो प्रणाली के हो? भौगोलिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक स्रोत र सम्पदा, आर्थिक तथा न्यायिक व्यवस्था कस्तो थियो र कसरी न्याय तथा कार्य सम्पादन हुन्थ्यो भन्ने विषय केन्द्रीत भई लोपान्मुख परम्परागत तामाङ शासकीय व्यवस्थाको समग्रात्मक रूपरेखाको र हालसम्म अभ्यासरत रहेको एकमात्र तामाङ शासकीय व्यवस्थाका अवशेषचोको परम्पराको बारेमा यस लेखमा प्रस्तुत गरीएको छ । स्थानीय प्राकृतिक स्रोत र साधनमा युल्बाको सामूहि स्वामित्व रहनु र न्यायोचित व्यवस्थापन तथा वितरणका प्रणाली स्थापित हुनुले स्थानिय गालाङ स्युङ बस्तीका ल्हुङबा वा युल्बा नागरिक बीचको द्वन्द्व अन्य युलका तुलनामा न्युन रहेको देखिन्छ । रसुवा जिल्लाका आमाछोदीङमो गाउँपालिका-३ गालाङ युल गाउँमा स्थानीय वडा-सरकारले अपनाएका विधिबाट मासिन लागेको चोको लगायतको परम्परागत शासकीय व्यवस्थालाई पूनरजीवन दिन सकिन्छ ।

4 परम्परागत तामाङ शासन व्यवस्था ठीम शब्दले ठी शासकीय गद्दी वा नेपोला ठी अर्थात नेठी धारी गद्दीनसिनले गर्ने कामलाई बुझाउँछ । ग्याल्बो वा ग्ले राजा वा जननिर्वाचित शासक, चोहो,चोबो, चोको, पोम्पो अध्यक्ष, प्रमुख, वा प्रधान आदि नेतृत्व वा नेता जसलाई कानून बनाउने र कार्यान्वयनको जिम्मेवारी प्राप्त हुन्छ । अचेल जनप्रतिनिधि, सरकार, राष्ट्रध्यक्ष वा राष्ट्रपति आदिले गर्ने कानून बनाउने लागूगर्ने काम र निकाय हो । न्यायव्यवस्था, न्यायप्रणाली तथा कानून, नियम, विधि, पद्धति र प्रक्रिया भन्ने बुझाउँछ । यस शब्दको अन्य शब्दसँग योग हुदाँ जस्तै- युल्सा देशसँग युल्साठीम वा युल्ठीम देशको मूलकानून वा न्यायप्रणाली वा देश सञ्चालनको विधि, ग्लेठीम, म्हीठीम नागरिक न्यायप्रणाली, छ्योओीठीम धार्मिक न्यायप्रणाली आदि ।

## ४. तामाङ परम्परागत चोको/चोहो शासन व्यवस्था

तामाङ आदिवासी जनजातिका आफ्नो प्रथाजनित शासकीय व्यवस्था भनेको तामाङ ग्याल्सा शासकीय भूमिमा रहेको आधारभूत न्यायिक, प्रशासनिक र राजनीतिक प्रणाली हो । यस्तो आदिवासीय कबिलाई शासन प्रणलीलाई संयुक्त राष्ट्रसंघको आदिवासी जनजाति अधिकार सम्बन्धि घोषणापत्र-२००७ को धारा-५ ले समेटेको देखिन्छ । सो घोषणामा आदिवासीय प्रथाजनित शासन व्यवस्थाको संरक्षण तथा अभ्यासका विषय आदिवासीय अधिकार हुने उल्लेख गरिएको छ (थामी, २०२४) । तामाङ नाम्सा युल्सामा चोको (चोहो) परम्पराले आजको दिनमा प्रथाजनित शासन व्यवस्थाको प्रतिनिधित्व गरी राखेको छ । १२ तामाङ प्रथाजनित शासन व्यवस्था बारेमा विषयगत ढाँचामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

-शासक, इतिहास र अवस्था,

-बाह्र शासकीय भूगोल र १२ तामाङ ग्याल्ठी सरकार(शासक)

-शासक चोको/चोहो प्रथा

### ४.१ तामाङ शासक, इतिहास र अवस्था

तामाङ जातिमा रहेको प्रथाजनित तामाङ शासन व्यवस्थाको शासकीय इतिहास र यसको अवस्था बारे देहाय बमोजिम रहेको देखिन्छ ।

**(क) तामाङ शासकहरूः** तामाङ इतिहासमा ग्याल्बो च्युङी १२ तामाङ राजाहरू, १२ तेमाल भूगोलमा दोङ थरका रीन्जेनदोर्जे, ताल्ज्यु मन्थलीमा (रामेछाप) ग्हीसीङ थरका, सिन्धुपाल्चोक नवलपुरमा थीङ थरका, १२ लाच्याङ भूगोल अन्तरगतका नुवाकोट ककनीमा रूम्बा थरका देउसीङ बारू राजा, दुप्चेश्वरका राङ्ज्यो ङारगाङका लो थरका दोन्डुपदोर्जे राजा, लाच्याङमा गोल्मोराजा गोल्मोरानी गोले थरका राजा, रसुवा जिल्लामा रसुवाका गोल्जोङका ग्ले, गालाङ बोङजो ग्ले, पाजोङ, भार्खु, धुन्चे, कालिकाथान नजिका स्याङबा जोङ, खीमारजोङ, रीनजोङ, कालीङ, बीजीली जोङ[5] आदि दर्जन बढी ग्ले राजाका दरबार तथा जोङहरू र १२ गोर्स्याङ भूगोलमा नुवाकोट दाङसीङका वाओीबा थरका फ्याङबा राजा, धादिङ सल्यान्टरका राजा, बस्येरीका चाङग्ये सुर्तान राजा, सेमजोङ र डापजोङका वाओीबा थरका दागुर राजा, खानीयावासका ग्ले राजा, सेर्तुङका राजा दार्दो, तीप्लीङका राजा खुर्बो, जारनाङका लार्चेन राजा लेप्चन थरका, तीप्लीङङा म्येप्बा थरका ग्याल्दो राजा आदि विभिन्न १२ तामाङका कबिलाइ राज्यहरू तामाङ शासकीय इतिहास रहेको पाइन्छ । तामाङ लेखकहरूले तामाङ कबिलाई शासकीय प्रणालीका अवशेषहरू सांस्कृतिक र दरबारका पुरातात्विक भग्नावशेषहरू भौतिकरूपमा अझै देख्न सकिन्छ भनि बताएका छन् (तामाङ, २०२३; तामाङ, २०१३; तामाङ, २०१२ ; तामाङ, २०११; तामाङ, २००६; दोङतामाङ, २००३) ।

---

5 तामाङ भाषामाजोङ शब्दको प्रयोग स्थान विशेष फरक पाइन्छ । सामान्यतया राष्ट्र, प्रदेश, राजधानी, शासकीय केन्द्र, राजदरबार, किल्ला वा गढी बुझाउनजोङ शब्दको प्रयोग भएको पाईन्छ । तामाङ बस्तीका जोङहरू सेमजोङ (दरबार), डापजोङ (कील्ला राजधानी), गोल्जोङ (राष्ट्र/देश), स्याङबा जोङ (दरबार), लामजोङ (कील्ला), पाजोङ (दरबार), ब्राकारजोङ (दरबार), कारेजोङ (दरबार), गोम्बोजोङ (गुम्बादरबार) आदि । तामाङ भाषामा उच्चस्थान रहेको सबैतिर देखिने गरी हेर्ने अर्थमा सबैभन्दा उचो, अग्लो स्थानलाई जनाउँछ जस्तै-जोङदीली, जोङचे आदि । काठमाडौंको रेग्मी (१९९४, पृ. १६)जोङनांजोङदीम (जोञ्जोन्दिङ) कील्लाभित्रकील्ला-दरबार आजको सिंहदरबार जस्तो आदि ।

**(ख) तामाङ शासकीय इतिहास**: तामाङ जातिका प्राचीन साहित्य, फोला छ्योओई वंशावली र जीक्तेन तामछ्योओई, कुक्पाखाछ्योओई आदिमा उल्लेख तामाङ-च्युङी र ह्रुओईछेन-च्युब्रेतः १२ तामाङ र १८महा वंश वा थर वा गोत्रको संघात्मक विवरणले १२ तामाङ शासन व्यवस्थाको जनाउ दिएको छ। तामाङ इतिहासको अध्ययन गर्दा १२ तामाङ शासकको रूपमा १८महा वंश वा थरको सङ्गठनात्मक भूसंरचना अधिकार सम्पन्न खोर्सा र नाम्सा (किपट र गाँउ)को सय बढि संयुक्त भूगोललाई

(ग्यार्जा+युल्सा=ग्याल्सा) यही ग्यार्सा शब्दबाट ग्याल्सा [६] राज्य बुझाउने शब्द निर्माण भएको देखिन्छ।

१२ गोर्स्याङ क्षेत्र धादिङ जिल्लाका वाओीबा राजाको डाप्जोङ शासकीय क्षेत्रको गाओीरा नाम्सा गाउँको कीर्बा क्लाङबा सिकार खेल्ने ऐतिहासिक र सांस्कृतिक सडक-नाटकमा कीर्बा डाक्पो सोम तीन गणपति शिकारी मध्ये कीर्बा डाक्पो माग्बुमछेन्बो/गण चोहो वा प्रमुख शिकारी, स्याअुरी (सूचनाधिकारी) र कीर्बा (सहायक शिकारी) को छानोट गर्ने गरिन्छ (होफर, १९८१, पृ. १२ ५)। यो शिकारीको छनोट विधि र सिकार गरी जङ्गलबाट ल्याएका शिकार, कन्दमुल युल्साका ल्हुङबा/युल्बा नागरिक गाउँबासीलाई न्यायोचित वितरण गर्ने परम्पराले सिकार युगको शासकीय व्यवस्था र परम्परामा पनि सामूहिकता र न्यायोचित वितरण प्रणालीलाई दर्साएको देखिन्छ (पंक्तिकारको सास २०१३ असोजमा स्थलगत अध्ययन भ्रमणमा स्थानीय धनसुर वाओीबासँगको प्रत्यक्ष सम्वादमा आधारित)। यो प्राचीन संस्कृति कीर्बा क्लाङबा सडक-नाटका समग्र-कथन र खेलमा प्रमुख शिकारी वा शासक छान्ने लोकतान्त्रिक विधि र हरेक युल्बा नागरिक महिला र पुरुषको समान र सामूहिक सहभागीताले प्राचीन सिकार युगीन कबिलाइ शासन व्यवस्था र अवस्थाको झल्को दिएको हुन्छ। यो कीर्बाक्लाङबा संस्कृतिले ३०,००० वर्ष अघिका तामाङ इतिहासका पाषणयुगीन सिकार युगसँग सम्बन्ध जनाउने आधार प्रदान गरेको छ।

तामाङ परम्परागत शासनका १२ तामाङ संघ वा १२ जनपदको पुरानो अस्तित्व बुद्धवचनको त्रिपिटकका सुत्तनिकाय भित्रको दिघनिकाय काल साझासम्वत पूर्व तेस्रो शताब्दीसम्म रहेको बताएका छन् (जोशी, १९८३)। यसैगरी साझासम्वत पूर्वको(ईसापूर्व) दोस्रो शताब्दी मानिएका कौटिल्यको अर्थशास्त्रमा ऊनी चारखाने, चारपाटा, भिङ्गमि पाटाजोडेको, पानीरोक्ने  घुमराडी, राडीपाखी तथा विभिन्न प्रकारका छालाहरू नेपालका हिमालय क्षेत्रका १२ म्लेच्छ ग्राममा हुने उत्तम ऊनी उत्पादनका भनि उल्लेख गरेको छ (सोमनाथ शर्मा, १९६७, पृ. १३८)। यहाँ उल्लेख म्लेच्छ जाति भन्नाले "संस्कृतभाषा बोल्न नजान्ने, अनार्य जाति" हुन्छ (प्रज्ञा-वृहत-नेपाली शब्दकोश)। यसो भन्नुको अर्थ हिमालयका १२ तामाङ, १२ मङ्गरांत तथा ग्याल्बो च्युङी बाह्र राजाको शासन व्यवस्था भएको अहीन्दू जातिको बाह्रजनपद १२ नागरिक शासकीय प्रणाली भएका राष्ट्रलाई भनिएको स्पष्ट बुझिन्छ। तसर्थ

6 ग्याल्सा र ग्याल्बो(ग्याल्पो) शब्दको निर्माण बारेः तामाङ भाषाको शब्दनिर्माण विधि र ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिको सिद्धान्त अनुसार ग्यार्जा एकसय र युल्सा देश, प्रदेश, गाउँ बुझाउने (ग्यार्जा+युल्सा=ग्याल्सा) दुई भिन्दै शब्दहरू सन्धि भइ ग्याल्सा शब्द निर्माण भएको देखिन्छ। यसैगरी तामाङ भाषाको एकसय बुझाउनेग्यार्जासा शब्दको व्युत्पत्ति हुँदा पनि ग्यारसा बाट ग्याल्सा राष्ट्र वा देश तथा शाकीय भूगोलको उच्चतम एकाई बुझाउने शब्द निर्माण भएको देखिन्छ। यहाँ ग्यार शब्दको /-र/ ध्वनी पार्श्वकरण भइ /-ल/ हुँदा ग्यार शब्द ग्याल हुन्छ, यसको अर्थ सय हो, सा को अर्थ भूमि हो। यसले सय खोर्सा-नाम्सा किपट-गाउँहरू बुझाउँ छ, किनभने एउटा वंश वा थरका छुट्टाछुट्टै खोर्सा किपट हुने भएकाले यस्तो सय बढी थर(वंश)हरूको संयुक्त संघीय भूगोल ग्यार्सा को व्युत्पत्ति भइ ग्याल्सा भएको देखिन्छ। तसर्थ ग्याल्साको अर्थ सय बढी किपट तथा गाउँहरूको संयुक्त संघीय स्वरूप देश, राज्य हो। यो देशवाचक शब्द र समूह वा प्रमुख बुझाउने -बो वा -पो शब्दसँग योग भइ गाल्पो वा ग्याल्बो राष्ट्र प्रमुख वा देशको नेता वा राजा वा प्रमुख शासक बुझाउने शब्द निर्माण भएको देखिन्छ।

साझासम्वत पूर्व तेस्रो शताब्दीसम्म अर्थात २३०० वर्ष अघिसम्म गण प्रणालीमा आधारित १२ तामाङ संघीय शासकीय प्रणाली वा शासन व्यवस्था नेपाल तथा हिमालय भूगोलमा रहेको देखिन्छ ।

१२ गाउँ वा १२ जनपदीय व्यवस्था तिब्बतको प्राचीन सभ्यता स्याङस्युङ क्षेत्रको इतिहास अ हिष्ट्रि अफ स्याङस्युङ एण्ड तिब्बत नामक पुस्तकमा नोर्बु (२०१३, पृ. १३८-१४८) ले ग्याल्बो च्युङीका རྒྱལ་ཕྲན་སིལ་མ་བཅུ་གཉིས། अर्थात '१२ अलग-अलग राजाका स्वरूप राजकीयक्षेत्र' र यस्ता शासन व्यवस्थामा शासक १२ राजा देखि ४०राजा हुने बताएका छन् । जहाँ ग्याल्पोछेन्पो या ग्याल्छेन ठूलो राजा वा प्रमुख सहित अन्य सा-सानो १२ राज्य एकाइहरू प्रत्येकमा एक प्रमुख ग्याल्बो र लोन्पो मन्त्री हुने, भनि बताएका छन् । यसलाई पुष्टि गर्ने खत्री (१९८४, पृ.६६) ले स्याङस्युङ क्षेत्रमा पर्ने सतलज लगायतको १२ ठकुराई राज्यलाई जितेको बारेमा नेपाली सेनाको इतिहास पुस्तकमा उल्लेख गरेका छन् । यही भुगोल निकटका नेपाल तर्फ सुवेदी (१९९८) ले बताएका पश्चिम नेपालको कर्णालीका सिंजा क्षेत्रमा बाइसी राज्यहरू र चौबिसी राज्यहरू निर्माणको सिद्धान्त र १२ तामाङ को १२ तेमाल, १२ लाच्याङ, १२ गोर्स्याङ शासकीय भूगोल तथा १२ जनपद राष्ट्र र शासन तथा शासकका अवधारणा र शासकीय संरचना रहेको प्रष्ट देखिन्छ ।

यस्तो १२ तामाङ, १२ थुम प्रमुख वा राजा रहने व्यवस्था बारे ह्यामिल्टन (१८१९, पृ. २७)ले आफ्नो पुस्तक एकाउन्ट अफ नेपालमा, भेन्सीटार्ट (१८९४, पृ.२३०)ले एसियाटिक जर्नल अफ बेङगाल (६३)(१) मा प्रकाशित दि ट्राइबस्, क्लानस् एण्ड कास्टस् अफ नेपाल शिर्षकको लेखमा १२ मङ्गारांत १२ जिल्लामा अलग-अलग शासक हुने उल्लेख गरेका छन् । त्यस्तै १२ मङ्गरांत र १८मङ्गरांतका बारे (नेसनलम्युजियम, २०२०) वेभसाइटमा, १२ गाउँ मुस्ताङ (भाइन्डिङ, १९९८)ले, १२ ग्याल्बो चुङङी (नोर्बु, २०१३) ले, काठमाडौंका झिंनिम्ह थकुरजुजु १२ नेवार थकाली-राजा (रेग्मी, १९९४, पृ.३१-४४) ले, १२ ठकुराई राज्य बारे टेकबहादुर खत्री (१९८४, पृ. ६६) ले, भेन्सीटार्ट (१८९६, पृ.१७७-१८७) ले नोटस् अन नेपाल लेखमा सुनुवारका १०थरे र १२ थरे सुनुवार र १२ तामाङ र १८जातको चर्चा गरेकाछन् । भने यसैगरी नेपालको पूर्वी पहाडमा लिम्बूको १०लिम्बुवान र १०खम्बुवान राईका प्रथाजनित शासकीय भूगोलको चर्चा पाईन्छ । त्यस्तै गुरूङका १२ थर नालसभा[7], कास्कि घान्द्रुक, सिकलेसमा गुरूङ राजा राजकीय शासन भएको जानकारी पाइन्छ ।

तामाङ शासकीय इतिहासमा गोर्खाली शासकको दख्खल पछि १२ तेमालका रीन्जेनदोर्जेको स्वशासन साझासम्वत १७६२ असोज २ बाट अन्त भएको बताएका छन् (दोङतामाङ, २००३ र तामाङ, २०११) । यसअघि १२ गोर्स्याङ अन्तरगतका धादिङका बास्येरी चाङग्येसुर्तान ग्ले (देवकोटा, २०१८) र सल्यान्टारका राजा, डापजोङका वाओबा राजा र नुवाकोटका बाह्रलाच्याङका गोले थरका गोल्मोराजा गोल्मोरानी राजा र सिन्धुपाल्चोक नवलपुरका थीङ थरका तामाङ ग्याल्बोको शासन गोर्खालीहरूको हातमा पुगेको बताएका छन् (तामाङ, २००६) । तसर्थ १२ तामाङका प्रथाजनित शासन व्यवस्थाको स्वरूप वा संरचना गण वा संघात्मक स्वायत्त र स्वशासित शासन व्यवस्थामा आधारित भएको प्रष्ट देखिन्छ ।

**(ग) तामाङ शासकीय अवस्थाः**

१२ तामाङ शासन व्यवस्था १२ जनपद साझासम्बत पूर्व तेस्रो शताब्दी त्रिपिटक कालीन र दोस्रो शताब्दीका

7 आदिवासी जनजाति आयोद्वारा आयोजित आदिवासी ज्ञान सम्मेलन-२०८१ मंसिर-२८ गतेका दिन लेखक खिम घलेद्वारा सम्मेलन-पत्र प्रस्तुत गर्दा गुरूङक्षेत्रमा बारथर नालसाभा परम्परागत शासनका एक स्वरूप विभिन्न १२ पोखरीहरूले चर्चिने क्षेत्रमा आधारित सङ्गठित नालसभालाई जनाउने बताएका छन् ।

कौटिल्यका अर्थशास्त्र कालका १२ म्लेछ्ये गाउँ र तिब्बतको पहिलो राजा न्याठी साङपोलाई १२ गोठालाहरूले राजा बनाएको कथन (तेन्जीङ, १९९१)बताएका छन् । यस्तै १२ औं शताब्दीका मुस्ताङ १२ गाउँ क्षेत्रका सेमोन सेरीब तामाङ (ज्याक्सन, १९७८, पृ. ९५-१२ ७) ले उल्लेख गरेका छन् । नेपालमा गोर्खालीहरूको अधिपति पछि ताम्सालिङ तामाङभूगोलका स्वायत्त र परम्परागत शासन व्यवस्था अन्तरगतका क्रमसः १२ गोर्स्याङ, १२ लाच्याङ हुँदै अन्तत १२ तेमाल शासकको (१७६२ असोज २ गतेका दिनबाट) अन्त भएको बताएका छन् (तामाङङ २०११, पृ.१७) । प्रत्यक्ष शासनको अन्त भएतापनि १२ तामाङ शासन र शासकको भूमिका तामाङच्युङीला रीमठीम १२ तामाङ संस्कृति र संस्कारगत अभ्यास, वंश/थरका कुल-कुलायनका अनुष्ठानहरू सम्पन्न गर्दा १२ तामाङ चोको/चोहो युल्साका ग्ले राजाको उपस्थितिमा हुनु पर्ने परम्परा भने अझै यथावत छ । सांस्कृतिक अनुष्ठानमा १२ तामाङको आवश्यकताले गर्दा १२ तामाङ ग्याल्बोच्युङी बाह्रतामाङ बाह्रराजा परम्परा बाँच्न सकेको देखिन्छ । (उदाहरणार्थ अनुसूची-२ मा हेर्नुहोस्) ।

ग्याल्बो च्युङी १२ तामाङ राजाहरूको बारेका प्राचीन पुस्तकाभिलेख, दरबारका भग्नावशेष, स्थानीय जनसमुदायमा रहेको राजकीय गाथा र कुल-कुलायानका बेला तथा विभिन्न सांस्कृतिक अनुष्ठानहरूमा सुनाउने, सम्झिने गरिन्छ (तामाङ, २०२३) । उदाहरणका लागि-

(१) ताम्बाकाओीतेनमा ताम्बाले भनिल्याएको मानिल्याएको १२ तामाङका बारेमा एल्लेखित एउटा सन्दर्भ एउटा फाल्तु गीतको अंश जहाँ-१२ तामाङको उपमा दिएका पाइन्छ-

"...ह्योल्मो गाङला क्युअी लीङ्मु,
बाह्र तामाङला काअी थाअीमा,
सेमला हुकु सीलीङमु ।"
गीतको शब्दार्थले
'ह्योल्मो डाँडोको पानी छछल्कियो,
१२ तामाङको भाषाबोली सुनिदा-मै,
भयो तरङ्गले मन नै जिरिङजिरिङ' । (लामापाख्रीन, २०१८, पृ. ४७)

ताम्बाकाअीतेनमा सङ्गहित यो तामाङ गीतको विम्बले १२ तामाङ शासकीय प्रणालीको उत्कृष्ठ पेठीम शासकीय व्यवस्थाको न्यायिक व्यवस्था र सांस्कृतिक महतत्वको विषयका प्रसङ्गलाई बिम्बित गरेको देखिन्छ ।

(२) मोक्तान ह्वुअीकी फोला छ्योअी मा उल्लेख- १२ लाच्याङ **र** १२ गोर्स्याङ

ज्योहो ज्योमोला ल्हुङ "..छ्युबारा ज्योहो, लाच्याङ नीरगुङ ज्योहो, बोथाङ ज्योबसाङ बारी ल्हामो, बाह्र गोर्स्याङ ल्हाछेन्बो, ग्याछो छ्युमे लाछेन्बो...," (तामाङमोक्तान, २०१८, पृ. १९-२०) ।

यसैगरी

(३) आयुस नेगी तामाङ (२०२४) मा तामाङ बिबाहमा ताम्बा द्वारा गरिने बखानमा यस्तो वर्णन गरिएको हुन्छ, का "...१२ गोर्स्याङ, १२ लाच्याङ र १२ तेमाल कोर्सी...." उल्लेख गरेको छ ।

यसरी तामाङ साहित्यिक तथा सांस्कृतिक पाठहरूमा पाइने शासकीय भूगोल तथा शासन व्यवस्थाको जनाउ दिने सूचनाहरूले प्राचीन १२ तामाङ प्रथाजनित शासन व्यवस्थाका अवस्थालाई स्पष्ट सङ्केत गरेको पाइन्छ । तापनि

यस्तो १२ तामाङ शासन व्यवस्था प्राचीन स्वरूपबाट परिवर्तित स्वरूपमाचोको प्रणाली जिनतिन बच्न सकेको देखिन्छ । यही चोको लाई चोहो भनेर बुझिन्छ ।

तामाङ प्रथाजनित शासन व्यवस्था कस्तो र कुन अवस्थामा थियो भन्दा तामाङ इतिहासले २३०० वर्ष अघिसम्म सम्वृद्ध रहेको तथ्य कौटिल्यको अर्थशास्त्रमा गरिएको चर्चाले जनाउ दिएको छ । यो अवधिमा परम्परागत शासन व्यवस्थाबाट राज्य र प्रदेश स्तरमा विकास भई १२ तामाङ शासक र १२ क्षेत्रीय भूगोलहरू र संघीय ताम्सालिङ भूगोलका स्वरूप सम्म विकास भएको देखिन्छ । पछिल्लो चरनमा १५औं शताब्दी पछि भने अतिक्रमण हुँदै गोर्खालीराज्यको दख्खल पछि प्रत्यक्ष तामाङ शासन व्यवस्थाको अन्त भएको देखिन्छ । आजका दिनमा शासकीय अस्तित्व सांस्कृतिक अनुष्ठानका भूमिकामा प्रथाजनित अवस्था सिमित भएको देखिन्छ । तामाङ शासकीय अस्तित्व ३०,००० वर्ष अघिका सिकार युग हुँदै बुद्धवचन त्रिपिटक काल २३०० वर्ष अघिका १२ जनपदीय, कौटिल्यकालको उनी उत्कृष्ट उत्पादनमा १२ म्लेछ्य गाउँ, १२ औं शताब्दीका मुस्ताङ्ग सेमोन सेरीब तामाङ राज्यसम्म देखिन्छ । त्यसपछि मल्लकाल र गोर्खाली अतिक्रमनबाट १२ तामाङलगायत राज्यहरूको प्रत्यक्ष शासन १८औं शताब्दीको उत्तरार्द्ध पछिभने अवशेषका रूपमा चोको तथा चोहो प्रथामा सीमित रहन पुगेको देखिन्छ ।

### ४.२ बाह्रतामाङ शासकीय भूगोल र ग्याल्ठी सरकार (शासक)

तामाङ समुदायको ऐतिहासिक र वंशगत (थरगत) बसोबासका थलोहरू खोर्सा कीपट आजका दिनसम्म उन्मूलन भइ नसकेकाले तामाङ राष्ट्र ताम्सालिङका तामाङ ल्हुङबा वा युल्बा नागरिकका सांस्कृतिक र संस्कारिक परम्परामा बचेका शासकीय भूगोल र शासक बुझाउने परिभाषिक शब्दावलीहरू, तामाङ भाषाका वाक्यांस, शब्दांसहरू सांस्कृतिक रूपमा भने प्रयोग भइरहेको देखिन्छ । यी नै परम्परागत १२ तामाङका शासन व्यवस्था बुझ्ाउने तामाङ भाषाका शब्दावलीहरूका ऐतिहासिक भाषाविज्ञान र अर्थ-भाषाविज्ञानका सिद्धान्तले निर्देश गरेको विधि र पद्धतिबाट परिक्षण गरी शब्दावलीले दिने अर्थका आधारमा परम्परागत शासन व्यवस्थाका विविध पक्षहरूको खोजी गरी प्रस्तुत गरिएको छ ।

**(क) १२ तामाङ शासकीय भूगोलको स्वरूपः**

१२ तामाङ प्रथाजनित शासन व्यवस्थाका मूलआधार बसोबास रहेको सा भूमि देखिन्छ ।

-दीम्सा वा खीम्सा वा खोरसा[८] (घरबास-छिमेकि-टोल वा किपट भूगोल) ।,

-नाम्सा-ग्याल्सा-युल्सा (गाउँ-राज्य-देशको भूगोल) ।,

-ठुङसा-बाब्सा-केसा (उद्‌गम-बसाइसराई-जन्मेको भूगोल) । र

-ठुङराप-दोङराप-केराप (उद्‌गम इतिहास-वंशको इतिहास-जन्मेको स्थानको इतिहास) ।

8 मुलत दीम्सा र खीम्साको योग अर्थात संयुक्त भूमिलाई तामाङ भाषामा खोर र खोरसा (खोर्सा) भनिन्छ यसको अर्थ किपट हो । जस्तै- योन्जन मात्र बसोबास भएको खोरसा किपट योन्जनखोर, यसरी नै ब्लेन्देनखोर, स्याङबाखोर, खानीखोर, लामाखोर, बोङराखोर आदि । खोर्सा तामाङका कुनै ह्रुअी थर विशेषको पूर्ण-अधिकार सम्पन्न भूमि हो । १२ तामाङका खोर्सा भूमिलाई नेपालमा गोर्खाराज्यको दख्खल र विस्तार पछि भूमिको वर्गिकरणमा किपट र किपट भूमि भनि उल्लेख गरेको पाइन्छ । किपट भूमि बारे तामाङङ (२००५) तथा ब्रिटिस उपनिवेशकालीन भारतका लेखक भेन्सीटार्ट (१८९६, पृ. १८४-१८७) ले उल्लेख गरेका छन् ।

यसरी तामाङ शासकीय भूगोलको संरचना र इतिहास सा भूमिसँग आधारित भएको उल्लेख गरेका छन् (लामा, १९८३; तामाङ, २०१०; लामापाखीन, २०१३; तामाङ, २०१९) । यहाँ हरेक तामाङ शासकीय भौगोलिक संरचनालाई बुझाउन तामाङ भाषाको परशर्ग -सा पदको प्रयोग भएको देखिन्छ जसको मूलअर्थ भूमि हो । शासकीय भौगोलिक संरचनाका एकाइको वर्गिकरणलाई हेर्दा निम्नानुसार देखिन्छ ।

- दीम्सा घरबास भूमि शासकीय भूगोलका सबैभन्दा सानो र प्रारम्भिक एकाइ ।

-खीम्सा/खीम्चे छिमेक-घरबास शासकीय भूगोलका दोस्रो एकाइ ।

-खोरसा टोल/किपट शासकीय भूगोलका तेस्रो एकाइ ।

-नाम्सा [९] गाउँ शासकीय भूगोलका चौंथो एकाइ ।

-ग्याल्सा/ग्यार्सा शासकीय सर्बोच्च सय भन्दाबढी कीपट तथा गाउँको संयुक्त भूगोल) पाचौं एकाइ ।

तामाङ जातिको शासकीय इतिहासका अध्ययनमा तामाङ भाषाको -सा परशर्ग पद योग भइ निर्माण हुने शब्दवलीहरूले शासकीय भूगोलका साथै राजनीतिक, सांस्कृतिक, ऐतिहासिक र दर्शानिक दृष्टिकोण निर्माण गरेको देखिन्छ । यसरी देश वा राष्ट्र भित्र समूहगत तामाङ नागरिक बसोबासको थलो दीम्सा, खीम्सा, खोर्सा, नाम्सा, र युल्सा/ग्याल्सा र यी सबैको संयुक्त शाकीय भूगोल ताम्सालिङ संघीय तामाङ राष्ट्र हो । यसलाई शास्त्रीय तामाङ भाषामा तामाङ युल्बा वा ल्हुङबाला स्युङ भनेर तामाङ राष्ट्र वा नागरिकका राज्य वा देशका रूपमा ताम्सालिङ भूगोललाई चिनिन्छ । यहाँ ल्हुङबा/युल्बा ले तामाङराष्ट्रका नागरिक वा जनतालाई बुझाउँछ ।

यसरी तामाङ परम्परागत शासकीय भू-क्षेत्रको आधारभूत एकाइ, गाउँ, प्रदेश र केन्द्रीय संघ तहका संरचना रहेको देखिन्छ । जसमा क्रमैलेः दीम्सा, खोरसा-नाम्सा, ग्याल्सा, युल्सा का क्रमःमा स्थानीय देखि केन्द्रसम्मका देखिएको छ । ताम्सालिङ संघ (केन्द्रीय संघ)का १२ तेमाल, १२ लाच्याङ र १२ गोर्स्याङ प्रादेशिक भूगोल हुन भने खोर्सा-नाम्सा किपट स्थानीय शासकीय भूगोलको एकाइ हो (तामाङ, २०२०, तामाङ, २०१२ ) । करिब २३०० वर्ष वरिपरि देखि १२ जनपद, १२ गाउँ स्तरको १२ तामाङ ग्याल्बोला ठीम अर्थातग्याल्ठी शासकीय प्रणालीका स्वरूप र संरचनाको अस्तित्व रहेको देखिन्छ । १२ तामाङ राष्ट्र गोर्खाली अतिक्रमण अघिसम्म १२ थुम, १२ गाउँ, १२ जिल्ला वा १२ प्रदेश रहेको राजनीतिक भूगोल १२ तामाङ वाहेक १२ राजा तिब्बती इतिहासमा र १२ ठकुराइ, १२ मगरात, १२ नेवार थकुर राजाका राज्यहरू नेपालकै इतिहासको अध्ययनमा उल्लेख भएको पाइन्छ ।

**(ख) तामाङ पराम्परागत शासक र नेतृत्व विकासः**

नेपो **र** नेमो **(नेता र नेत्री) तथा** ठी **र** ग्याल्ठी **(गद्दी र राज गद्दी/सरकार)**

तामाङ भाषामा निश्चित क्षेत्र वा भूमिको अधिपति वा हकभोग पूर्ण अधिकार सम्पन्न नेतृत्व गर्ने व्यक्तिलाई नेपो-नेमो भनिन्छ । जस्तैः दीमला नेपो/नेमो, खीम्साला नेपो/नेमो, नाम्साला नेपो नेमो, ग्याल्सा-युल्साला नेपो/नेमो । यहाँ,नेपोले पुरुष र नेमोले महिला नेतत्वृलाई बुझाउँछ ।

तामाङ भाषामा शासकको गद्दी वा आसनलाई ठी भनिन्छ । पुरुष या महिला दुवै नेपो र नेमोला ठी भन्नुपर्दा नेठी

9 घरबास रहेको स्थानमा जाँहि उभिएर एक दृष्टिमा चारैतिर हेर्नुस् देखिने के हो भने माथिनामदीङ/मुर्दीङ आकास र सा भूँइ या धर्ति/पृथ्वी जमीनतिर जोडिको देखिन्छ यस्तो देखिने भूगोललाई नाम- आकास र -सा भूमिको सन्धिबाट नाम्सा शब्द निर्माण हुन्छ यसको अर्थ गाउँ हो ।

मात्र भनिन्छ । यहाँ नेठी ले नेतृत्व वा जिम्मेवारी लिने व्यक्ति नेतालाई बुझाउँछ । तिब्बत जर्नलका प्रकाशित तेन्जीङ (१९९२, पृ. ५९) को लेखमा तिब्बतका पहिलोग्याल्बो राजाको नाम न्याठी जाङबो उल्लेख गरेका छन् यहाँ ठीको अर्थ राजगद्दी हो । तामाङ संस्कार-संस्कृतिका अनुष्ठानहरूमा ठी गद्दी रचोहो नेतृत्व प्रतिको उच्च सम्मान कुनैपनि समारोह सुरुहुनु पूर्व ताम्बाद्वारा निम्नानुसार सम्बोधन गर्ने गरिन्छ-..."ठीआी ङोप्ता, दोनकी दोप्ता, सालाम दा, नामलाम कुङ, कुङकी ङीमा, कुङकी दावा, ह्युल्ला नोमसीङ, चोहो रीम्पोर्छेला कुस्युमु बीसी मान्सीस्युबागा...."

(मोक्तान, १९५६, पृ. २) । यसको अर्थ- 'गद्दिको मालिक, बोलीको पक्का विद्वान, धर्तीको भए मियो, आकास, सूर्य र चन्द्रको भए केन्द्र, देशको मेरुदन्ड, तपाई चोहो सर्बोच्च शिरपोस नेता-अध्यक्ष वा प्रमुख मानी ल्याएका छौं है शिर्ष-महानुभावहरू' भनेर जानकारी गराइएको हुन्छ ।

यसरी ताम्बाले तामाङ सांस्कृतिक अनुष्ठानअघि चोको वाचोहोलाई गरिने यो सम्बोधनले तामाङ समाजमा चोकोको गद्दी सिंहासनप्रतिको गरिमा र महिमा, आम नागरिकको भरोसा र विश्वास रहेको देखिन्छ । तामाङ भाषा यही ठी गद्दी र ग्याल्सा शासकीय भूगोल बुझाउने शब्दको योगबाट ग्याल्सालाठी/ग्याल्बोला-ठी र यसबाट ग्याल्ठी सरकार वा शासक बुझाउने शब्दको निर्माण भएको पाइन्छ, तसर्थ ग्याल्ठी राजगद्दी शासकीय जिम्मेवारी सरकारको बोध गराउने तामाङ भाषाको प्रथाजनित शब्द हो ।

तामाङ भाषामा नेपो, नेमो, चोबो, चोको रचोहा, चोमो मुख्य नेतृत्वको नेठीका अधिपतिलाई बुझाउने प्रथाजनित शब्दहरू हुन् । यी शब्दहरू 'मालिक वा अधिकारवाला, उच्च, शिर्ष, शिरको, अध्यक्ष, सभापति' आदि अर्थमा प्रयोग भइराखेको पाइन्छ । यहाँ-बो ले समूह, गण वा झुण्डलाई बुझाउँछ शास्त्रीय भाषामा डाक्पो गण या समूहको अध्यक्ष, प्रधान, प्रमुख ठीपा गद्दिधारीलाई चोको/चोहो शब्दले जनाइन्छ, स्त्रीभए चोमो, ग्याल्मो, नेमो आदि प्रयोग गरिन्छ । तामाङ भाषामा नेठी [10] वा ठी जिम्मेवारी वा आसनलाई बुझाउँछ । ग्याल्ठी राज-गद्दि वा सरकार शासन गर्ने शासकीय संरचना हो । ठी, नेठी, ग्याल्ठीका जिम्मेवारी कसरी निर्माण भएका हुन्छन् भन्ने बारेमा निम्नानुसार विषयगत चर्चा गरिएको छं-

(१) दीमला-आपामा, आबामा घरको मातापिता दीम्बा [11]:

तामाङ समुदायको दीमगीकला वा थेमे/थेत्मा/थेत्माआी भन्नाले एकै परिवारका वा अधिकार सम्पन्न प्रारम्भिक र शासकीय भूगोलको प्रमुख दीमलाआपा या आबामा घर वा परिवारका चोहो मुली दीम्बा ले अधिकारवाला व्यक्तिलाई बुझाउँछ । ब्रेलसाङ बिबाहका बेला अझै केटा या केटी पक्षको भनेर बखान लाउँदा दीम्बा शब्द ताम्बाहरूले प्रयोग गर्ने गरिन्छ ।

(२) खोर्साला आपामा टोलको मातापिता खोर्की-आबामा: खोर्कीआबा

---

10 शास्त्रीय तथा सांस्कृतिक अनुष्ठानहरूमा नेपो/नमो मालिक वा मुली भनि समूह वा गणको प्रमुख १२ तामाङलाई चिनाउने गर्दछ । यस्तो नेपो/नेमोको गद्दीलाई नेठी भनिन्छ । त्यसैगरी ग्याल्सा राज्य वा देशको शासकीय गद्दीको जिम्मेवारीमा रहने गद्दीलाई ग्याल्ठी भनिन्छ । तसर्थ नेठी र ग्याल्ठी ले शासक वा सरकारलाई जनाउँछ ।

11 तामाङ भाषाको भाषावैज्ञानिक विश्लेषण गर्दा- आपा रआबा उस्तै अर्थ दिने एउटै मूलका शब्द हुन् । व्यवहारिक प्रयोगमा -पा अल्पप्राण हो, -बा सर्गको उच्चारण प्राणमय हुन्छ, यस्तो अवस्थामा तानीय दृष्टिकोणबाट अर्थभेद हुन्छ तसर्थ आपा पिता वा बुबा या ह्वुआी वंशको अधिपतिलाई बुझाउँछ भने /आबा/ले परिवारको मुली, मुख्य/प्रमुख व्यक्तिचोहो मानेको हुन्छ । दीम घर र आबा प्रमुख दुइ शब्दको योगबाट निर्माण भएको दीम्बा शब्दले परिवार प्रमुख घरमुलीलाई बुझाउँछ ।

तामाङ प्रथाजनित शासकीय भूगोलको खीम्सा वा खोर्सा किपट एकाइका नेतृत्वनेठी गद्दिका प्रमुख खीम्सा वा खोर्साला-आपामा टोलका चोहो प्रमुख या पिता; खोर्कीआबा नेतृत्वनेठीका मालिक नेपो/नेमो चोहो/चोमो हुन् । खोर्कीआबा किपटको नेठी धारी पिता वा शासक प्रमुख हो । एउटा गाउँ भित्र खोर्साहरू धेरै हुन्छ । खोर्साहरूबाट नाम्साको निर्माण हुन्छ ।

(३) नाम्साला आपामा गाउँका मातापिता नाम्साआी आबाः

तामाङ परम्परागत शासकीय संरचनामा नाम्सा गाउँका नेठी गद्दीधारी प्रमुखलाई नाम्साला-आपामा गाउँका मातापिता बुझाउने शब्दबाट नाम्साबा गाउँका चोहो प्रमुख नाम्साआी आबा हो । यो नाम्साबा शब्दले धेरै खोरहरूको संयुक्तसमूह, गण वा गाउँबासी नागरिकलाई बुझाउँछ तसर्थ नाम्साबाले गाउँका सामूहिक र साझा नेतृत्वचोको/चोहोका नेठी गद्दी र जिम्मेवारीलाई बुझाउँछ ।

(४) ग्याल्साला आपामा वा ग्याल्साआी आबामा, ग्याल्साचोहो राष्ट्रपति, ग्याल्बो, ग्ले राजा

तामाङस्युङ ताम्सालिङ ग्याल्साला-आपामा तामाङ संघीय भूगोलको चोहो प्रमुखको अर्थमा ्ग्याल्साबा वा ग्याल्बा, ग्याल्बो/ग्ले राजा, राजकीय नेतृत्व भन्ने हुन्छ । यहाँ ग्याल्बो/ग्ले को अर्थ देशकोसर्बोच्च ग्रेननेठी गद्दिको मालिक हो । ग्याल्बो शब्दले सय बढी गाउँहरूको साझाचोबो याचोहो अर्थात् देश या राज्यको शीर्ष वा उच्च जिम्मेवारी भएको ग्याल्ठीपा गद्दीधिपति वा सरकारका प्रमुख वा प्रधानलाई बुझाउँछ तसर्थ ग्याल्बो देशको शासन सत्ताका प्रमुखचोको वा चोहो हो । यही शब्द एकतन्त्री वंश परम्पराका राजतन्त्र बुझाउन पनि प्रयोग भएको पाइन्छ ।

यस प्रकार तामाङस्युङमा परम्परागत नेपो/नेमो गण-प्रमुख वा गद्दीधारी नेतृत्वकर्ता बुझाउने प्रारम्भिक शासकीय एकाइ घर वा परिवारका प्रमुख दीम्बा, खोर्सा-नाम्सा किपट-गाउँको सामूहिक नेतृत्व नाम्साबा वा युल्बा हो । संघीयतह देशको सिङ्गो भूगोल ग्याल्साको सर्बोच्च नेठीपा (पद)युल्साचोहो, ग्याल्बो वा ग्ले को मूलअर्थ राजा, राष्ट्रप्रमुख या राष्ट्राध्यक्ष, राष्ट्रपति युल्साचोहो हो । ग्यल्सा वा युल्सा देशका नेठीपा शासक चोहोलोन्पो प्रधानमन्त्री ग्याल्ठी सरकारका मुख्य प्रशासक हुन् ।

तामाङ शासकहरू गाउँ, थुम, किपट, प्रदेश र संघ सबैतहका नेठी वा ग्याल्ठी सरकारका गद्दीमा १२ आसन वा सदस्य हुने गर्दछ । त्यसैले तामाङ परम्परागत शासकलाई तामाङ ग्याल्बो च्युङी अर्थात १२ तामाङ राजा वा शासक भन्ने उल्लेख गरिएको पाइन्छ । यही कारण तामाङ भूमि ताम्सालिङका प्रदेशहरू १२ तेमाल, १२ लाच्याङ र १२ गोर्स्याङ शासकीय प्रादेशिक भूगोल संरचनाको निर्माण भएको देखिन्छ । जहाँ नेठीपा वा ग्याल्ठीपा गद्दीधारीहरूलाई १२ तामाङ नै भनेर सम्बोधन गर्ने गरेको देखिन्छ । तामाङस्युङ राष्ट्रको ग्याल्ठी सरकारमा नेठीपा गद्दीका नेतृत्व बाह्रतामाङ भनेकै १२ जना हुने गरेको छ भने नोर्बु (२०१३) ले तीन जना; लामा पाख्रीन (२०१३) ले सात जना र मोक्तान (१९५६) ले पाँच जना मूल शासक रहने गरेको उल्लेख गरेका छन् । ग्याल्ठीपाहरू जति भएपनि त्यो ग्याल्ठी सरकार वा शासकलाई भने १२ तामाङ नामले बुझ्ने, सम्मान गर्ने र सम्बोधन गर्ने गरिन्छ ।

तामाङ सांस्कृतिक अनुष्ठानहरू बिबाह, कुलायन समारोह आदिमा आजका दिनसम्म १२ तामाङ अर्थात तामाङ ग्याल्बोच्युङीला रेम भनि सम्मान, आदर र श्रद्धाका साथ मानिआएको उपस्थिती हुनुपर्ने परम्परा देखिन्छ । उपस्थिति हुन नसक्ने भएमा मौखिक बखान लाउने परम्परा रहेको देखिन्छ, तसर्थ तामाङस्युङ राष्ट्रको शासकको शासन गर्ने शासकीय ओहोदानेठी वा ग्याल्ठी सरकार हुन्छ । परम्परागत शासकका रूपमा १२ तामाङका ग्याल्बो

वा ग्ले राजा, नेपो र नेमो, चोहो र चोमा रहेको देखिन्छ भने आजका दिनमा चोको र चोहो अध्यक्ष, प्रमुख, प्रधान, चोहोलोन्पो प्रधानमन्त्री, लोन्पो मन्त्री, ग्याल्साचोहो वा युल्साचोहो राष्ट्रपति वा राष्ट्राध्यक्ष आदि नेठी वा ग्याल्ठी रहने गरेका देखिन्छ ।

**(ग) तामाङ ग्याल्बोच्युङी बाह्रतामाङ राजा/शासक**

तामाङ जातिको प्राचीन साहित्यजीक्तेन तामछ्योओी, कुक्पाखाछ्योओी, लोन्पोङुकी तामछ्योओी, ताम्बाला ताम आदिमा तामाङ स्युङ वा युल्सा वा ग्याल्सा राष्ट्रलाई बुझ्उँन १२ तामाङ र १८ महावंश (तामाङ च्युङी थेन ह्वुओीछेन च्योप्पे) भनि उल्लेख गरिएको पाइन्छ । अन्वेषक भेन्सीटार्ट (१८९६) ले नोटस् अन नेपाल लेखमा दिएको असली १२ तामाङका १२ थरका सूची र बाह्र तामाङकै अर्को १२ थर भन्दा बढि थर समेटिएको सूची प्रस्तुत गरेका छन् । यी दुई १२ तामाङको सूचीको विवेचना गर्दा १२ तामाङ ग्याल्ठी सरकारमा नसमेटिएका तर एउटैनाम्सा-खोर्सा किपटमा बसोबास हुने भएकोले भेन्सीटार्टले १२ तामाङको दोस्रो सूचीमा १२ बढी थरलाई पनि १२ तामाङ भनेर उल्लेख गरेको देखिन्छ (भेन्सीटार्ट, १८९६, पृ. १८५-१८६) ।

भेंन्सिटार्ट (यथा)ले दिएको सक्कली १२ तामाङको सूचीले सम्भवत १२ तेमाल ग्याल्साका तामाङ ग्याल्बो च्युङीका ग्लेहरू जो हरेकथरका एकजना खोर्सा-नाम्सा किपटका १२ किपटीयाहरू हुन् भन्ने सङ्केत गर्दछ । तामाङ ग्याल्बो च्युङीका बारेमा जि.डी. लामा (१९८३)ले तामाङ च्युङीला ठीम तेन तामछ्योओी पुस्तकमा तामाङ च्युङीसे तेन्सी डेन्सीबाला ठीम डोन अर्थात १२ तामाङले मानी आएको र अभ्यास गर्दै ल्याएको पेरेम्बा र पेठीम कानून र रितिथिति भनेका छन् ।

१२ तामाङ एउटा शासकीय स्वरूप हो, यसलाई ग्याल्बो च्युङी भनिन्छ । १२ तामाङ शासक खोर्सा-नाम्सा किपटमा १२ थरकाचोहो हरेक थरबाट एकजना प्रतिनिधित्व रहने, त्यसैगरी गाउँतहमा पनि १२ गाउँका १२ चोहो रहेको देखिन्छ । प्राचीनकालमा सामूहिक नेतृत्व हुने भएकाले यी शासकलाई तामाङ ग्याल्बोच्युङी १२ तामाङ भनेका हुन् ।

तामाङस्युङमा परम्परागत शासकीय स्वरूप संघीय तहमा ताम्सालिङ ग्याल्ठी सरकार, प्रदेश तहका १२ तेमाल, १२ लाच्याङ, १२ गोर्स्याङ ग्याल्साका ग्याल्ठी सरकार र नाम्सा-खोर्सा गाउँ-किपट तहका ग्याल्ठी सरकारलाई तामाङ ग्याल्बोच्युङी अर्थात १२ तामाङ शासक भन्नेगरेको देखिन्छ ।

**(घ) बाह्र तामाङ शासकका न्यायप्रशासन**

तामाङ ग्याल्बोच्युङीका शासन व्यवस्थामा प्रथाजनित विधि, विधानहरू उत्कृष्ट रहेको कुरा माथि उल्लेख गरिएका "योल्मो गाङला क्युओी लीङमु, बाह्रा तामाङला काओी थाओीमा..." ताम्बाकाओीतेनमा सङ्कलित गीतको अंशको बिम्बले बताउँछ । मुक्तसिं तामाङ (२००५) द्वारा सम्पादित पुस्तक जीक्तेन तामछ्योओी पुस्तकमा करिब १००० वर्ष अघि रचना गरिएका जिक्तेन तामछ्योओी, मीछ्योओी, ल्हाछ्योओी [12] नामक प्राचीन हस्तलिखित पेच्या पुस्तकको पाण्डुलिपिको प्रतिलिपि छापिएका छन् । सो पेच्यामा म्हीछ्योओी नागरिक विधान र ला-छ्योओी देवताको विधान आदिका चर्चा गरेका छन् ।

12 डा. मुक्तसिं तामाङद्वारा सम्पादित जीकतेन ताम्छ्योओी पुस्तक भित्र ༄༅།།འཇིགས་རྟེན་དམ་ཆོས་མི་ཆོས་ལྷ་ཆོས་བཞུགས་སོ།། जीक्तेन ताम छ्योओी, मीछ्योओी, ल्हाछ्योओी स्युग्स्हो नामक १००० वर्ष पुराना हस्तलिखित प्येच्या ग्रन्थ रहेको छ, जसमा विश्व सृष्टिको तामााङ दृष्टिकोण, म्हीछ्योओी नागरिक धर्म, ल्हाछ्योओी देव धर्म तिन फरक अध्यायमा नागरिक जातिको दायित्व, देवता धर्मको महत्त्वका तामाङ जातिको शासक, नागरिक, धर्म, वंशावली, नैतिक आचरण, दर्शन तथा ज्ञानी पण्डित, लोक नीति, राजगद्दीका वर्गिकरण आदि विवरण सङ्गहित छ (तामाङ, २००५) हेर्नुहोस् ।

१२ तामाङको परम्परागत न्याय प्रणालीका बारेमा लामा पाख्रीन (२०१३, पृ. ३) ले ग्लेठीम राजकीय न्यायप्रणाली र राजनीति, म्हीठीम  नागरिक न्यायप्रणाली र कानून, छ्योओीठीम धार्मिक न्यायप्रणाली र नीति, ब्रेल्बा ब्रेल्ठीम कुटनीतिक प्रणाली, म्रासीङबुल्बाठीम खेतीपाति, ऋतुमान प्रणाली, कुक्पा खाछ्योओी भाषिक इशाराको विधिका जानकारी दिएका छन् । यो न्याय तथा शासकीय विधिको निर्माण गर्ने तथा कार्यान्वयन नेठी वा ग्याल्ठी पदाधिकारीका रूपमा चोहो, मुलमी, ङाप्ता, दोप्ता, गान्बा, ताम्बा, मुल्मीगाअुराओी १२ तामाङ पञ्च मण्डल रहने उल्लेख गरेका छन् । यी न्यायप्रणालीको कसैले पनि उलंघन गर्न पाउने छैन गरेमा छन् । चोहोहरूले बनाएका प्रणालीको उलंघन गरेमा दण्डित गर्ने अधिकार हुने उल्लेख गरेका छन् । नागरिकहरूले चोहो या शासकलाई कुनै कुराको निवेदन गर्नु परेमा स्याल्गार पोङ[१३] राख्नुपर्ने हुन्छ । यहाँ यी ठीमहरूको संक्षिप्तमा चर्चा गरिएको छ-

(१) युल ठीम देशको न्यायप्रशासन र मूल कानून:

युलठीमको अर्थ युल्सा वा ग्याल्साको कानूनी व्यवस्था अर्थात संविधान हो । यहाँ युल शब्दले १२ तामाङको ग्याल्सा राष्ट्र/देश र नागरीक ल्हुङबा वा युल्बाका बीचमा सम्बन्ध बुझाउँछ । ठीम शब्दले १२ तामाङको ग्याल्ठी सरकारले गर्ने न्यायिक निरूपण वा न्यायप्रणालीलाई जनाउँछ । यो तामाङ भाषाको राजगद्दी वा शासकीय जिम्मेवारी बुझाउने ठी- सर्ग पद र -ताम समग्र तामाङका विषयवस्तु, भाषा वा जाति[१४] बुझाउने दुई पदावलीका बीच योग सन्धि भइ ठीताम शासकीय विधि बुझाउने शब्दबाट ठीम विधान बुझाउने शब्द निर्माण भएको देखिन्छ । युलठीम राष्ट्र वा मुलुकको मूल-न्यायप्रणाली र कानून वा संविधानलाई भनिन्छ (तामाङ, २०१२ , पृ. १६२-१६३) ।

(२) म्ही ठीम नागरिक-न्यायप्रणाली:

नागरिक हितका विषय, नैतिक आचरण, जन्मदेखि मृत्युसम्मको अवधिका संस्कार परम्पराको नियमन, सामाजिक, सांस्कृतिक, क्रियाकलापका दस्तुर तथा दण्ड जरिवाना आदि तोकीएको हुन्छ । १२ तामाङ युल्सामा यस प्रकारको कानूनी व्यवस्थालाई म्हीठीम नागरिक-विधान भनिन्छ (तामाङ, २०१०) । विभिन्न सांस्कृतिक कार्यको सिलसिलामा राख्ने स्याल्गार पोङ, सगुन पोङ आदि कति राख्ने भन्ने म्हीठीमले तोकिएअनुसार नैरेम तिर्नुपर्ने हुन्छ ।

पेठीमले विधि र प्रक्रिया, रीमठीम परम्परा र संस्कृति, पेरेम दस्तुर तिर्नुपर्ने शुल्क, जरिमानालाई जनाउँछ । संस्कार-स्कृतिहरूमा रा-डाङ, मुअी-डाङ, नाका-डाङ रेम ग्रहन गर्ने परम्परा छ । यस्तो दस्तुरहरू पे-रेम, पेरेम्बा, पेरीमठीम, रीमठीम संस्कारका केहि म्हीठीमहरू हुन् (तामाङ, २००५, पृ. ९३) । १२ तामाङले मान्दै ल्याएको कानूनी परम्पराका बारेमा जि.डि. लामा (१९८३) ले म्हीठीम निकटका ठीमदोन जन्मदेखि मृत्यु सम्मका संस्कारिक क्रिया कर्महरूका विधि-विधान उल्लेख गरेका छन् । विधि असार वा विपरीत दुई खालको

13 पोङ रक्सी वा जाँडले भरिएको भाँडो ठाउँ अनुसार माटो वा काठले बनेको हुन्छ ।  नम्र भइ निवेदन गर्दा राखिनेलाई स्याल्गार पोङ भनिन्छ। यस्तो पोङहरू सगुन, कारस्योल वा कारज्येल, कोरछ्याङ, रोछ्याङ, सोछ्याङ, डीपछ्याङ आदि हुन्छ (लामा पाख्रीन, २०१३) ।

14 जाति वा राष्ट्र र भाषा बुझाउने शब्द  इङलिस English शब्दको संक्षिप्त रूप eng.., नेपाल र नेपाली पनि Nepali / Nepal को Nep. लेखिन्छ त्यसैगरी [Tamang] Tam. ताम संक्षिप्त रूपले अन्य अर्थको अलाबा सिङ्गो तामाङ जाति र राष्ट्रलाई बुझाउँछ । जाति वा राष्ट्रले भाषा, संस्कृति तथा मौलिक भूमि सहितको नागरिकलाई पनि जनाउँछ ।

रेम हुन्छ दण्ड र दस्तुर । रेम निर्धारण १२ तामाङ अधिकारीहरूचोको वा चोहो वा अन्यलाई तोकिएको हुन्छ ।

(३) छ्योओी ठीम धार्मिक न्यायप्रणाली र कानून:

१२ तामाङ शासकीय क्षेत्र ग्याल्सा/युल्सा भित्र हुने धर्म, संस्कृतिका कार्य सञ्चालन गर्ने विधि, प्रक्रिया, अवधि, आवश्यक सामग्री आदि छ्योओीठीममा तोकिए अनुसार हुन्छ । लामा (१९८३)ले आफ्नो पुस्तक तामाङ च्युङीला ठीम तेन ताम छ्योओीमा धर्म परम्परासँग सम्बन्धित दिनानुदिन, अर्धमासिक, मासिक, ऋतुअनुसार हुने तथा वार्षिक क्रियाकलापका विधिको चर्चा गरेका छन् । छ्योओीठीम अनुसारको क्रियाकलापको लागि गाउँमा एउटा साझ गुम्बा हुन्छ । गुम्बामा, कोङ्यार प्रमुखलामा, दोर्जेलोपोन बज्राचार्य, च्युर्पेन व्यवस्थापक आदि तह क्रममा बौद्ध गुरूकुलमा दीक्षित लामा गुरुहरू हुन्छ ।

(४) ग्याल्ठीम वा ग्लेठीम राजकीय न्यायप्रणाली:

तामाङ भाषामा ग्याल्सा शासकीय भूमि वा राज्यका जन निर्वाचित ग्याल्बो या ग्ले शासक भनिन्छ । संघीय ग्याल्ठी सरकार निर्माण हुन्छ । यो ग्याल्ठीका चोहो, चोका, ग्याल्बो वा ग्ले शासक १२ तामाङहरूले गर्ने कार्यहरू, जिम्मेवारी र अधिकारका सीमाहरू तोकिने र तोकीएको व्यवस्थालाई ग्लेठीम वा ग्याल्ठीम भनिन्छ । शासकीय न्यायप्रणाली तथा कानून निर्माण गर्नुका साथै कार्यान्वयन गर्ने गर्दछ । पहिलेपहिले तामाङ सगोत्रीय वंश मिचेकालाई "ग्योङ कु थोङसे कु" भन्ने रेम कसुर वापतको दण्ड स्वरूप रेम लिइन्थ्यो (तामाङ युलका बोम्ताङ नाम्साका पूर्व-उपाध्यक्ष पाल हुँगाबहादुर तामाङसँगको व्यक्तिगत सम्वाद)। यस्तै सीङकाथाबा पारपाचुके गर्दाको विधि यस्तो रेम निर्धारणा ग्याल्ठीम र म्हीठीम अन्तरगत गरिन्थ्यो । यस्तो गम्भिर प्रक्रितिको न्याय व्यवस्थापन गर्ने अधिकार ग्लेठीम वा ग्याल्ठीम निर्धारण गरे अनुसार गर्ने गरिन्छ । यही ग्याल्ठीम ले नै म्हीठीम, छ्योओीठीम आधारहरू निर्धारण गर्ने गरिन्छ । ग्लेठीम या ग्याल्ठीमले समग्रमा राजनीतिलाई बुझाउँछ ।

**(ङ) बाह्रतामाङ ग्याल्ठी सरकार र ग्हेदुन**

तामाङ समुदायको सांस्कृतिमा १२ तामाङ भन्ने वित्तिकै श्रद्धा आदरभाव जनाउने गरिन्छ । हरेक कार्यमा तामाङ ग्याल्बोच्युङी १२ तामाङ शासक (राजा) को उपस्थितिको अपेक्षा गरिन्छ । सांस्कृतिक अनुष्ठानका लागि सामाजिक सङ्गठन ग्हेदुङ वा गेन्दुन हुन्छ । बाह्रतामाङ ग्याल्ठी सरकार तथा ग्हेदुनका सदस्यहरू परम्परागत पाँच वा पञ्चभलादमी गण प्रमुख आदि निम्नानुसार रहेको देखिन्छ-

-चोहो/चोको/ग्याल्बो/ग्ले: प्रमुख, अध्यक्ष, राष्ट्रध्यक्ष,

-दाक्पो/दोप्ता: चीखेन, खाओीबा विषयगत विज्ञ,

–गान्बा/गोबा: अनुभवी जेष्ठ व्यक्तित्व,

–ताम्बा 'ताम पान्तीसी पाङबाम्ही' संस्कार र संस्कृति, विधि-विधानको ज्ञाता ।

–मुल्मी-गाअुराओी: लिखित अभिलेख, खाता लेखोट राख्ने (मोक्तान, १९५६, लामापाख्रीन, २०१३)।

तामाङ (२०१२ )ले तामाङ जातिको चिनारी पुस्तकमा १२ तामाङ ग्याल्ठीमा १२ जना तामाङ युल्बाहरू आफ्नो खोर्सा-नाम्सा किपटबाट जननिर्वाचित प्रतिनिधिहरू रहेको हुन्छ । युल्बाछोक्पा जनप्रतिनिधिसभा ग्याल्साजोम्सा र कुङयुल्जोम्सा आजको प्रतिनिधिसभा जस्तो १२ तामाङ रहने गरेको बताएका छन् । तामाङ ग्याल्ठी यहि छोक्पाजोम्सा प्रदेशतहमा ग्याल्साजोम्सा वा संघीय तहमा यूल्साजोम्स रहभको सङ्केत पाईन्छ ।

**ग्हेवा ग्हेदुङका नेठीका सदस्यहरू**

(१) १२ तामाङ चोबो/चोहो/चोको, जननिर्वाचित ग्ले वा ग्याल्बो अर्थात राजा र लोन्छेन र लोन्पो प्रधानमन्त्री र मन्त्रीहरू ।

(२) लामा बौद्ध पुरोहितहरूको ठी आसन १२ तामाङ ग्याल्बोहरू भन्दा उचो अलग रहेको हुन्छ ।

(३) बोम्बो, पाम्पो, पोन, बोन  प्रकृति पुजक गुरुहरू र स्थानीय प्रधानका ठी आसन रहेको हुन्छ ।

(४) गान्बा अनुभवी जेष्ठ व्यक्तित्वहरूको सम्मानित ठी आसनको व्यवस्था गरिएको हुन्छ ।

(५) माग्चोहो, माग्छेन्बो, माग्बुम्च्ये सुरक्षाका सेनापति (डाक्पो) विशेष ठी को व्यवस्था हुन्छ ।

(६) दोप्ता विषय विज्ञ, चीगान्बा, खाओबा, जानकार व्यक्तित्वहरू सम्मानित ठी रहेको हुन्छ ।

(७) ताम्बा ताम पान्तीसी पाङबा (म्ही) सबैलाई मर्यादापूर्वक समन्वय गर्ने, संस्कार, स्कृतिका पेरीमठीम, पेरम्बा, पेठीम आदि सबै विधि विधानको जानकार छुट्टै र युल्बाहरूको सन्निकट ठी रहेको हुन्छ ।

(८) गाउराओ/गाउरूङ सचिव वा महासचिवको जस्तो हरहिसाब, लेखापढी गर्ने, अभिलेखहरू राख्न सक्ने व्यक्तित्व आवश्यकता अनुसार ठी आसन रहेको हुन्छ ।

(९) खोर्सा र नाम्सा स्तरका १२ तामाङको ह्रुओ वंश वा थर विशेषका पुजारी(लाबोन्पो, लाम्बु, लातेन्बा, ल्हाप्ताबा, साङदुङ आदि) स्थानीय गाउँ देवता पुज्ने, देवी, देवताको पुजारीका लागि छुट्टो ठी स्थान रहेको हुन्छ ।

(१०) छ्याङबास्या पेय पदार्थको व्यवस्थापक समारोह स्थल नजिक ठी आसन र बस्ने उचित व्यवस्था मिलाइएको हुन्छ ।

(११) च्युर्पेन (छ्युरपेन), लाओबा आराउपराउ गर्ने, समरोहमा पुग नपुग हेर्ने जिम्मेवार व्यक्तिका लागि छुट्टो ठी आसान स्थानको व्यवस्था गरिएको हुन्छ ।

(१२ ) थो[१५] उमेरगत समूह र ह्राबाव्योन जाँगरीला स्वमसेवक युवा दस्ता आदि ।

यसप्रकार १२ तामाङ प्रथाजनित शासन व्यवस्थामा तामाङस्युङका युल्बा(ल्हुङबा)का घर-परिवार, टोल, गाउँ सम्मका तीन आधारभूत तहका ग्याल्ठी सरकार रहेको देखिन्छ । माथिल्लो तहमा प्रदेश संघ र संघीय गरी दुई र मुनीका(खोर्सा, नाम्सा) तहमा एक गरी  तीन तहका ग्याल्ठी शासकीय संरचना रहेको देखिन्छ, जुन आजको संघीय गणतन्त्र प्रणालीसँग निकट देखिन्छ तर अहिलेको अवस्थामा यी सबै तहगत ग्याल्ठी सरकार पूर्ण-अभ्यास देखिँदैन । माथि चर्चा गरिए झैं सांस्कृतिक तथा संस्कार, कुल-कुलायन आदि अनुष्ठानहरू भने १२ तामाङ सरकारका नेठी वा ग्याल्ठी गद्दिको मर्यादा राख्ने गरिन्छ ।

15 जव उमेरले १३-१५ वर्ष पुगेको हुन्छ यो उमेरका गाउँभरी जति पनि दौतरीहरू छन् उनीहरूको एउटा समूह गठन हुन्छ यसलाई थो भनिन्छ । यो समूहमा एकआपसमा आफ्नो जीवनभरीका लागि कल्याण मित्रको व्यवहार गरिन्छ । हरेक वर्ष गाउँमा हुने ठूलो समारोह पुजा आदिमा समूहगत रूपमै स्वयमसेवकको भूमिका निर्वाह गर्ने र छुट्टै ह्रीसोल बनभोज कार्यक्रमको आयोजना गरी गाउने, नाच्ने, मनोरन्जन गर्ने, खाने गरिन्छ । यस्तो थो प्रथा रसुवा जिल्लाका गालाङ तामाङमा सबैभन्दा सुदृढ, क्रियाशील र सङ्गठीत देखिन्छ ।

### ४.३ शासक चोको/चोहो प्रणाली

तामाङ प्रथाजनित शासन व्यवस्थाका प्रारम्भका नेतृत्व नेपो/नेमो वा घर परिवारका आबामा रदीम्बा हो । शासकीय दायित्व र जिम्मेवारी ठी र नेतृत्व बस्ने नेठी गद्दी हो । नेपो/नेमो अधिपति भन्दा अझ उच्चतहका शासक बुझाउने ग्याल्बो र ग्ले राजा, पाम्पो प्रधान, चोबो समूहका शिर्ष, चोको र चोहो प्रमुख, अध्यक्ष आदि शासकीय संरचना रहेको देखिन्छ । तामाङ ग्याल्बो च्युङी परम्परा गोर्खाली राज्यको उदय र विस्तारका कारण अन्त भएपछि १२ तामाङका शासकीय परम्पराको अवशेष चोहो वा चोको प्रथा भने अभ्यासरत रहेको देखिन्छ ।

ताम्सालिङका प्राचीन १२ तामाङ गणराज्यहरू मध्ये १२ गोर्स्याङ राजनीतिक भूगोलमा अवस्थित रसुवाका आमाछोदीङमो गाउँपालिकाको वडा नं ३ गालाङ नाम्सामा १२ तामाङ ग्याल्ठी सरकारको रहल चोको परम्परालाई स्थानीय वडा सरकारले जोगाएर राखेको देखिन्छ । परम्परागत १२ तामाङको मुख्य भूमिका र जिम्मेवारीका कार्यहरू आजको चोकोले गर्ने गरेको देखिन्छ । १२ तामाङको चोको प्रणाली शेर्पा (२०२४) बताएको नेपालको मुस्ताङ लोमान्थाङमा अभ्यासरत ग्हेन्पा प्रथा र कृष्णराज सर्वहारी (२०२३) ले बताएको थारु समुदायमा रहेको बरघर परम्परासँग पनि सन्निकट देखिन्छ । प्राचीन १२ तामाङ प्रथाजनित शासन व्यवस्थाको परिवर्तित स्वरूपमा चोको प्रणाली जिनतिन आजसम्म सांस्कृतिक प्रचलनमा रहेको देखिन्छ ।

#### (क) चोको वा चोहो छनोट

१२ तामाङका शासन व्यवस्थामा शासकहरूको छनोट लोकतान्त्रिक विधि र प्रक्रियाबाट हुने गरेको देखिन्छ । कार्यक्षमता र योग्यताको आधारमा युल्बा नागरिक समुदायद्वारा प्रतियोगितात्मक विधि र सर्वसम्मतिमा आफ्नो चोहो, चोको, ग्याल्बो/ग्लेहरूको एक वर्षेको कार्यकालका लागि चुन्ने गरेको देखिन्छ[१६]। प्राचीन परम्पराअनुसार प्रतिस्पर्धाबाट चोकोको छनोट गर्ने गरेको पाईन्छ । यस्तो प्रतिस्प्रधात्मक विधिमा म्यादाली पुङबा क्लाङबा तारो हान्ने खेलबाट गर्ने गरिएको देखिएकोछ ।

धादिङ, गाओीराका वाओीबा गाउँमा रहेको सिकार युगका प्रदर्शनकारी खुल्ला लोकनाट्य “कीर्बा क्लाङबा” सांस्कृतिक शास्त्रीय नाटक हरेक वर्ष म्हेनीङ-लाला छ्येपाच्यु असोज दशमीमा आयोजना गरिन्छ । यो खेल सिकार युगका समाजको झल्को दिने अति प्राचीन परम्परा हो । प्रमुख सिकारी छान्ने र उसले ल्याएको सिकार समुदायमा बराबरी बाँडिचुडी खाने गरिन्छ । यसले समाज सामूहिक नेतृत्व प्रणालीबाट चलेको जानकारी लोकनाट्य प्रदर्शन दिन्छ । म्यादाली धनुषकाणबाट तारो हान्ने प्रतियोगिताको माध्यमबाट कीर्बा-चोबो प्रमुख-शिकारी, उपप्रमुख-शिकारी र सहयोगी सिकारी तीन जनाको छानिन्छ (होफर, १९८१, १२ ४-१४३) हेर्नुहोस । यो संस्कृतिबारे लेखक स्वयंको स्थलगत प्रत्यक्ष सहभागी भई अवलोकन तथा अध्ययनबाट प्राप्त सूचना) ।

#### (ख) चोको कोनेठी गद्दी हस्तान्तरण विधि र कार्यभार

गालाङ नाम्सामा दुई चोकोहरू छनोट गर्ने गरिएको छ । निवर्तमान चोकोले आफ्नो कार्यभार नयाँलाई विधिवत हस्तान्तरण गर्ने गरिन्छ । नयाँ निर्वाचित चोकोलाई पुरानोले आफ्नो कार्यकालको सबै कामको बेली विस्तार बस्तुस्थिति बताउने गरिन्छ, यसरी नेठी पदहस्तान्तरणलाई स्थानियभाषामा बन्देस भनिन्छ । अन्तमा धार्मिक विधिबाट साङसेरक्येम विधि सकेपछि सम्मान बधाई ज्ञापन युल्साको सबैभन्दा जेष्ठ ल्हुङबा नागरिकको हातबा नवनिर्वाचित चोकोहरूलाई खादा अर्पण गरेपछि अरू युल्बाहरूको पालो पाउँछ । शुभ भोजनसँगै छाङ्लु सगुन

16 चोको/चोहो परम्परागत शासकको छनोट रसुवा जिल्लाका गालाङ नाम्सामा हरेक वर्ष कार्तिकको दशमीमा गर्ने गरिन्छ ।

गीत गाइन्छ । चोकोलाई निवाससम्म पुऱ्याउन गइन्छ । चोको चुनेको लगतै बोओीतापा-ला मंसिर महिनामा आयोजना हुने म्हानीपर्वमा उमेरले जेठो चोकोलाई र दुगु-ला वैशाख महिनामा हुने म्हानीमा सानो उमेरका चोकोलाई युल्साका सबै युल्बा जनताबाट राजकीय सम्मान गर्ने परम्परा छ । सो दिन ग्याल्सा भरिका सबै युल्बा जनतालाई चोकोहरूको तर्फबाट डोनसोल राजकीय प्रितिभोज खुवाउने परम्परा छ । रसुवाको आमाछोदीङमो गाउँपालिकाको गालाङ युलमा अभ्यासरत चोकोहरूको जिम्मेवारी र कार्यभार सारांशमा निम्नानुसार रहेका छन्-

**(१) प्राकृतिक स्रोतसाधनको संरक्षण र न्यायोचित वितरणमा चोको/चोहो**

तामाङग्याल्सा भित्रको प्राकृतिक स्रोत-साधन भन्नाले मुलत बन जङ्गलमा आधारित खर्क, चरन, घाँस सङ्कलन, जडीबुटी, दाउरा तथा काठ आदिको उपभोग, सङ्कलन सँग सम्बन्धित हुन्छ । कानूनी बहुलता सँगै अचेल चोकोहरूले बनका घाँसपात के-कति परिमाणमा उपलब्ध छ र सबै जनताका लागि के कति भाग पुग्ने छ सोको अध्ययन, आकलन गर्ने गर्दछ । सबैको लागि समान र न्यायोचित ढङ्गले बाँडफाँड हुने व्यवस्था मिलाउने गर्दछ । बनक्षेत्रमा कहिले, कहाँदेखि कहाँसम्म घाँस काट्न पाउन हो सो रेखाङ्कन गरी घाँस भएको वन क्षेत्र मिलाएर पालैपालो गरेर खुलाउँछ । नखुलेको स्थानमा काट्न सङ्कलन गर्न बन्देज हुन्छ । पालना नगरेमा, उलङ्घन गरेमा तोकिएको दण्ड, सजाय गर्ने पाउने, पाता कसेर थुनछेक सम्मको अधिकार रहेको हुन्छ ।

**(२) कृषि-खेतीपाती व्यवस्थापनमा चोको/चोहो**

युल भरीको सम्पूर्ण भूमिमा खेती गर्दा घुमन्तेबाली प्रणालीलाई लागु गरिएको हुन्छ । करू वा गहुँ लगाएको खेत बारीमा आगामी पटक गेडा-गुडी या अर्कै बाली लगाउने व्यवस्था मिलाएको हुन्छ । यो पक्रिया अचेल स्वव्यवस्थापनको अभ्यास भएकाले गाउँमा घुमन्ते बाली प्रणालीबारे सचेत देखिन्छ । ऋतुअनुसारको खानपिन, फलफूल, आहार-विचारबारे सचेत गराइन्छ । यस्तो परम्परालाई तामाङ भाषामा म्रांसीङबुल्बा भनिन्छ (लामापाखीन, २०१३) ।

**(३) पशुपालनको व्यवस्थापनमा चोको/चोहो**

पशु चौपायाहरूको गोठ व्यवस्थापनका भैँडा, चौंरी, गाई भैंसीको गोठ जङ्गलबाट गाउँ बस्तीको खेत ल्याउने, बारीमा ल्याउँदा बाली भित्राउने र लेकको खर्कबाट गाउँमा पशुचौपायाको व्यवस्थापन लागि पाकेको बालीहरू भित्राउन र पशु गाउँ क्षेत्रको खेत बारीमा ल्याउँदा चोकोहरूले निर्धारण गरिदिएको समय सिमा भित्र गर्नै पर्ने हुन्छ ।

**(४) सांस्कृतिक चाडवाड र पर्वको व्यवस्थापनमा चोको/चोहो**

युलमा वार्षिक पात्रोमा पर्वका रूपमा तोकेको दिनहरूमा प्रीबा बिदा दिने, त्यस दिन युल्सा मुलुकमा सामान्य हातको कामहरू वाहेक खनजोत गर्ने, बन जङ्गल जाने काट्ने आदि गर्न बन्देज लगाउने काम र पर्वको बारे सूचना दिनेका चोकोले गर्दछ । पर्वको बेला कामको बाँडफाँड युबा, लामा, आमा समूह, बुद्धिजीबीहरू सबैको जिम्मेवारी चोकोहरूले कुन समयमा कसले के गर्ने, खानपिन, पुजा आजा, नाचगान समेतको जिम्मेवारी तोक्ने कामको बाँडफाँट गर्दछ । पूर्ण रूपमा सबै जनताको सहभागीता र सफलताका लागि चोकोहरूले आफू दिनरात नभनि काममा जुटेको हुन्छ ।

**(५) खार्का चरण व्यवस्थापनमा चोको/चोहो**

युल्साको सिमाना भित्रको खर्कमा गोठ राख्नका लागि चोको चुनिएको लगतै जुन गोठका गोठालाहरू आएर

पहिले स्यालगार र खादा गरेर तोकिएको खर्कमा म गोठ राख्छु भनेर जसले पहिले अनुरोध गर्दछ, उसले एकवर्षका लागि स्वीकृति पाउँछ । दस्तुर वापत चोकोले आयोजना गर्ने राजकीय प्रितिभोजमा थोङस्ये-खु को व्यवस्था गर्ने जिम्मेवारी गोठको हुन्छ ।

**(६) सूचना तथा जानकारी सम्प्रेषनमा चोको/चोहो**

१२ तामाङ चोको शासकहरूले युल्सामा कुनै नयाँ काम, परम्परादेखि चलि आएको विषयहरूमा सबै युल्बालाई जानकारी दिनु पर्ने हुन्छ । सोको लागि कटुवाल प्रथामा झै जनतालाई सूचित गर्ने दायित्व चोको प्रमुखहरूको हुन्छ । यदी कुनै व्यक्ति विशेषले गाउँमा कुनै सूचना गर्नुपरेमा चोकोलाई स्यालगार गरेर अनुरोध गर्न सकिन्छ चोकोले स्वीकारे भने गर्ने गरिन्छ ।

**(७) विकास निर्माणमा चोको/चोहो**

चोकोहरूले युल्सा या नाम्सामा जनताले स्यालगार गरी अनुरोध गरेमा विकासका काम बाटोघाटो, चौतारो, पुल पुलेसा, मानेछ्योर्तेन, गुम्बा निर्माण आदि युल्बा जनताको सहभागीताको लागि जोम्बा भेला गराउने स्रोत साधान, जनश्रमदान जुटाउन अनुरोध गरी दिने गर्दछ । तर नेपाल सरकारको लगानीमा हुने विकास कार्यमा चोकोहरूको कुनै संलग्नता रहँदैन ।

**(८) राजश्वको सङ्कलनमा चोको/चोहो**

चोकोहरूले युल्बाका लागि वर्षभरि काम गर्दासेवा वापतको युल्बा जनताबाट जुनसुकै बाली पाकेपछि एकपाथी बुझाउनु पर्ने दस्तुर छ । तर रसुवाका गालाङ र गोल्जोङ युल्साहरूमा अब चोकोलाई वडा-सरकारले मासिक पारिश्रम दिने गरे देखि पाकेको बाली चोकोलाई बुझाउनु नपर्ने भएको छ । तर युल्सामा सबै नागरिक समाजको सामूहिक सहभागीतामा आयोजना हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रमका लागि आवश्यक आर्थिक दायित्व तोक्दा र कार्यविभाजनमा सहभागी हुन विज्ञ तथा स्वयम सेवक आदिको कार्य विभाजनका साथै सांस्कृतिक अनुष्ठान नसकेसम्म पूर्णरूपमा सकृय संलग्न रहेको हुन्छ ।

**(ग) चोकोको ल्हुङबा नागरिकमा प्रभाव**

तामाङ बहुल बसोबास, तामाङ भाषा सबैको साझा माध्यमभाषा र तामाङ भेषभूषाकै शासन रहेको ताम्सालिङ ग्याल्सा बागमती प्रदेशको रसुवा जिल्ला, आमाछोदीङमो गाउँपालिकाको वडा नं.३ मा रहेको गालाङ तामाङस्युङ गाउँका जीवन्त रहेकोचोको परम्पराले तामाङ ल्हुङबा नागरिक समाजमा सकारात्मक प्रभाव[17] पारेको देखिन्छ, सो प्रभाव सारमा-

- यहाँका तामाङ युल्बामा सांस्कृतिक, परम्पराहरूको नियमित सञ्चालनले पर्यटन उद्योगलाई टेवा पुगेको छ ।
- बन-जङ्गल, खार्क, चरन, घाँस दाउराको सबै युल्बालाई समान र न्यायोचित वितरण भएको छ ।
- खेतीपाती, बालीघुमन्ते प्रणालीबारे चेतना बृद्धिमा चोकोको अनुगमनले खेतीबालीमा रोगव्याधी नियन्त्रण र उत्पादनमा बृद्धि भएको देखिन्छ ।
- ग्याल्साको पात्रो परम्परा अनुसारको पर्व, उत्सव तथा सांस्कृतिक अनुष्ठानका कार्य नियमित हुने गरेको छ ।

17 यी सूचनाहरू २०८१ वैशाख पूर्णीमा-देखि वैशाखको कृष्णपक्ष दशमीसम्म गालाङ गाउँमा गरिएको क्षेत्रकार्यमा आधारित रहेको छ ।

- सांस्कृतिक, चाडपर्व, धार्मिक क्रियाकलापहरूमा सबै उमेरका सहभागी हुने परम्परा बसेको छ ।
- लोपवान गोओीला भेषभूषा, ग्येन्छ्या गरगहनाको प्रयोगमा विस्तारले माग बढेकाले बजार र उत्पादन बृद्धि भई घरेलु उद्योगको प्रबर्द्धन, प्राचीन परम्पराको जगेर्ना आदिले रोजगारको सृजना भएको छ ।
- स्थानीय गीत सङ्गीतको विकास र सामाजिक सञ्जालको कारण विस्तार भएकाले पर्यटन उद्योगलाई सघाएको छ ।
- तामाङ भाषामै अधिकांश अनुष्ठान सञ्चालन हुने भएकाले मातृभाषा संरक्षणमा टेवा पुगेको छ ।
- सांस्कृतिक तथा मौलिक तामाङ बौद्ध धार्मिक परम्पराको संरक्षण भएको छ ।
- आदिवासीय ज्ञान परम्परासँग जोडिएका प्राकृतिक स्रोत साधनको संरक्षणमा सचेतना बढाएको छ ।
- चोको परम्परको कारण नागरिक समाजमा मुलभूतद्वन्द्वमा कमी हुनुको साथै व्यवस्थापन भएको देखिन्छ ।
- चोको परम्पराले गर्दा राजनीतिक कारणबाट हुने वैमनस्यतालाई कम गरेको देखिन्छ ।
- परम्परागत ज्ञान, भाषासंस्कृतिको पुस्तान्तरण, हस्तान्तरण र संरक्षण प्रकृयालाई बढावा दिएको छ ।

यस प्रकार तामाङ जातिमा परम्परागत शासक, शासकीय भूगोल र शासन पद्धतिका सुव्यवस्थित संरचना आजको दिनमा चोको तामाङ प्रथाजनित शासन व्यवस्थाका शासकीय सकारात्मक अवशेष मात्र बाँकी रहेको देखिन्छ ।

## ५. निष्कर्ष

बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक नेपालमा तामाङ आदिवासी जनजाति जनसङ्ख्याको बसोबास रहेको मौलिक भूगोल ताम्सालिङमा सबैभन्दा अधिक रहेको छ । यहाँ तामाङ सम्पदाले तामाङ भाषा र लिपि, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र प्रथाजनित शासन व्यवस्थाका दृष्टिकोणबाट सम्वृद्ध र महत्त्वपूर्ण एक राष्ट्र वा जाति हो भन्ने तथ्यलाई अध्ययनले पुष्ट्याएको छ । नेपालमा तामाङ जातिको उद्गम इतिहास काठमाडौंमा प्राप्त ३०,००० वर्ष अघिको पाषणयुगीन पुरातात्वीक तथ्य र थप ऐतिहासिक सामग्रीहरूको अध्ययनबाट पुष्टि भएको छ । चिनियाँ प्राचीन तत्वीय खगोलशास्त्र पद्धतिमा आधारित तामाङ ल्होछार नयाँवर्ष परम्परा प्राचीन रहेको बारे पुरातात्वीक सम्पदा फाबासीङगुन स्वयम्भू र ज्यारोङखास्योर बौद्ध महाचैत्यको ल्होछारसँग सम्बन्धित सम्वत नामले परम्पराको प्राचीनतालाई थप पुष्टि गरेको छ । तामाङ सांस्कृतिक इतिहासका पाठहरूले यी प्राचीन प्रागैतिहासिक तामाङ इतिहासका वर्णनहरूलाई पुष्ट्याएका छन् । तसर्थ तामाङ जातिमा रहेको १२ तामाङ परम्परागत शासन व्यवस्था २३०० वर्ष भन्दा पहिलेदेखिनै रहिआएको नेपालकै एक प्राचीन प्रथाजनित शासन व्यवस्था हो । मुलत तामाङ जातिको परम्परागत शासन व्यवस्थाका शासकीय संरचना १२ तामाङ वा १२ थुमको शासकीय संरचनागत भूगोलमा आधारित रहेको देखाएको छ । यो संरचनाको ऐतिहासिकता सन्दर्भमा बुद्धवचन सङ्ग्रह त्रिपिटकका दिघनिकायमा उल्लेखित १२ जनपद र त्यसै गरी साझ्रा सम्वतको दोस्रो शताब्दी पूर्वका कौटिल्यको अर्थशास्त्रमा उल्लिखित नेपालको हिमालयका १२ गाउकाँ म्लेच्छ जातिका उत्कृष्ठ ऊनी उत्पादनको चर्चाकाल र सोहि समय नजिकका तिब्बतका प्रथम राजा न्याठी जाङपो जसलाई १२ गोठालाहरूले काँधका आसन बोकेर राजा बनाएका प्रसङ्गले २२००-२३०० वर्ष लामो इतिहासलाई सङ्केत गरेको पाइन्छ । प्राचीन तामाङ साहित्य जीक्तेन ताम्छ्योओी, कुक्पाखाछ्योओी, ताम्बाकाओीतेन आदिले पनि १००० वर्ष भन्दा पहिलेदेखि तामाङ शासन व्यवस्थाको १२ तामाङ १८वंश थरका संरचनाको जानकारी दिएको पाईन्छ । १२ रौं शताब्दीका तिब्बती राज्यको अभिलेखमा नेपालको लो मुस्ताङका १२ गाउँ क्षेत्रका तल्लो भेगका सेमोन सेरीब

तामाङ राज्य र तिब्बतका प्राचीन इतिहास र स्याङस्युङका इतिहासमा उल्लेख ग्याल्बो च्युङी १२ राजाको भूगोल र शासन, नेपालमा गोर्खाली राज्यको अतिक्रमण र विस्तार हुनु अघिसम्म १२ तामाङ, १२ मगरात, १२ नेवार थकुरजुजु आदि शासकीय संरचना रहेको अन्वेषकहरू हेमील्टन (१८१९), भेन्सीटाट (१८९६), रेग्मी (१९९४), नोर्बु (२०१३) आदिका अध्ययनले १२ तामाङ परम्परागत शासन व्यवस्थाका रहेको बारे पुष्टि गरेको छ । १२ तामाङ प्रथाजनित शासनका सूचकहरू राजनीतिक भूगोल दीम्सा-खोर्सा-नाम्सा, युल-सा, ग्याल्सा र ताम्सालिङ आजपनि गाउँ एकाइ देखि प्रादेशिक र संघलाई जनाउने संरचना नामहरू भेटिन्छ । शासकीय संरचना ग्याल्ठी सरकार र नेठी नेतृत्व गद्दी वा राजसिंहासनको जनाउ दिने दीम्ला आबा परिवार मुली; नाम्साला आबा गाउँका मुली, प्राचीन कालमा बोम्बो, पाम्पो, छोन्बोम्ही ठूलोमान्छे र अचेल चोको, चोहो, चोबो प्रमुख, अध्यक्ष, ग्याल्बो, ग्ले, राजा, घले, युल्साचोहो/ग्याल्साचोबो, राष्ट्रध्यक्ष/राष्ट्रप्रमुख/राष्ट्रपति,चोहोलोन्पो प्रधानमन्त्री आदि प्रचलनमा आएको देखिन्छ । यी संरचना भित्र सुशासनका सुचक ग्लेठीम राजकीय न्यायप्रणाली र विधि-विधान, युल्ठीम देशको मूल न्यायव्यवस्था वा संविधान, म्हीठीम नागरिक न्यायप्रणली र छ्योओठीम धार्मिका न्यायप्रणली, पेठीम, रीमठीम संस्कार परम्परा र सांस्कृतिक विधि विधान, पेरेम, पेरेम्बा दस्तुर र दण्ड आदि व्यवस्था अझै पाइन्छ् । आजको अवस्थासम्म आइपुग्दा तामाङ संस्कार र संस्कृतिका पाठ तथा अनुष्ठानहरूमा १२ तामाङ शासकीय परम्परागत अभ्यास, भाषिक र सांस्कृतिक रूपमा बचेखुचेका देखिन्छ । यसैगरी प्राचीन अभिलेख, हस्तलिखित पुस्तक, चाडपर्व, सांस्कृतिक र धार्मिक परम्परा आदिमा १२ तामाङ शासक ग्ले, ग्याल्बोका रूपमा बाँची रहेको देखिन्छ, तर यो परम्परागत र ऐतिहासिक तामाङ शासन व्यवस्थाको रहल चोको वा चोहो परम्पराका रूपमा अभ्यास गरि रहेका छन् । परम्परागत तामाङ शासकीय भूगोल ताम्सालिङ युल्साका रसुवा जिल्लाका आमाछोदीङमो गाउँपालिका गालाङ तामाङस्युङ मा स्थानीय वडा-सरकारले चोको परम्परागत लोकतान्त्रीक विधिबाट गाउँका गोबा, गान्बाहरूको परामर्शमा सर्वसम्मत दुई जना चुन्ने परम्परा बसालेका छन् । वडा सरकारले एक वर्षेकार्यकाल भरीका लागि नियुक्ति दिई तलब भत्ता दिने व्यवस्था मिलाएको छ । अब चोकोलाई विगतमा जस्तो युल्बाले बाली पाके पछि जुनबाली पाकेको हो सो अन्नबाली एकपाथी राजश्व चोको दस्तुर दिनु नपर्ने भएका छन् । चोकोले भने परम्परागत व्यवस्थामा गरी आएका सम्पूर्ण कार्य अधिकारहरू हुन्थ्यो त्यही कायम राखि दिएका छन् । मुख्यरूपमा प्राकृतिक स्रोत, साधनको समानुपातिक र न्यायोचित वितरण, नियमन, संरक्षणमा चोकोहरूको भूमिका रहेको देखिन्छ । आफ्नो गाउँमा उपलब्ध साधनको न्यायोचित वितरणले द्वन्द्वको व्यवस्थापनमा सघाउ पुगेको देखिन्छ । हराउँदो र सांस्कृतिक अभ्यासमा सिमित चोको प्रथाजनित शासन व्यवस्था प्रति स्थानीय जनताको आस्था र विश्वास भने घटेको देखिन्दैन । गालाङको वडा-सरकारले गरेको अभ्यासलाई एक सैद्धान्तिक विधि मानी थप वैज्ञानिक अध्ययन गरी आदर्श नमूनाका चोको शासन व्यवस्थाका रूपमा विकास गरी यसका अभिलेखन समेत गरेर अरू तामाङङ्युङहरूमा पनि यो लोपवान परम्परागत शासन व्यवस्थालाई समय सापेक्ष नयाँ विधि र रूपबाट संरक्षण गर्दै निरन्तरता र पुनरजीवन प्रदान गर्न सकिन्छ भन्ने यो अध्ययनको मूल निष्कर्ष रहेको छ ।

## सन्दर्भ सामाग्री

आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ (२०१३, कार्तिक, १७). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान. Retrieved November 26, 2024, from https://nfdin.gov.np/nfdin/default/uploads/official/5f64871abf9c3.pdf

आयुस नेगी तामाङ/Aayush Negi Tamang. (2024, March 13). *Tamang traditional Chardam conversion Aayush weds Laxmi at Nuwakot Nepal* [Video]. YouTube. https://www.youtube.com/watch?v=ubDO1zyVZ_8

खत्री, टेकबहादुर (१९८४). शाही नेपाली सेनाको इतिहास [नेपाली]= श्रीमती शारदा कुमारी के.सी.।

शर्मा, सोमनाथ (सम्पा.) (१९६७). कौटिल्यको अर्थशास्त्र (केशवराज अर्याल, अनु.) [नेपाली र संस्कृत]. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

क्राउली, टेरी र बोवरण, क्लेयर/Crowley, T., & Bowern, C. (2010). *An introduction to historical linguistics* (4th ed.) [English]. Oxford University Press. https://zorc.net/RDZorc/Historical_Linguistics/Introduction%20to%20Historical%20Linguistics%20(Crowley&Bowern-2010).pdf

जोशी, सत्थमोहन (१९८४). *कलाकार अरनकिो: The Well Known Nepalese Architect Araniko [नेपाली]. वजिय गजानन्द वैद्य*

जोशी, माधव नारायणराओ/Joshi, M. N. (1984). Treatment of SecuaLr Arts and Sceinces in Somesvara's Manasollasa [PhD dissertation, Karnataka University; English]. In *Manasollasa (The Study of Atrs and Sciences)*. https://archive.org/details/shdgnga.treatment-of-secuaLr-arts-and-sciences-in-somesvaras-manasollasa

ज्याक्सन, डेभिड पि=/Jackson, D. P. (1978). Notes on the History of the Serib and Nearby place in the Uppper Kali Gandaki. *Kailash*, *6*(3), 195–227.

तामाङ, अजितमान(२०२३). तामाङ-प्रदर्शनकारी लोक-कलाको रूपरेखा. आदिवासी जनजाति अध्ययन *Indigenous Nationalities Studies*(विज्ञ समीक्षित वार्षिक शोधपत्रिका), *2*(2), 1–15.

तामाङ, अजितमान (२०२४). तामाङ-अमूर्त-संस्कृतिक सम्पदाको परिचय ["नेपाली संस्कृतिः अभ्यास र अवस्था" विषयक कार्यशाला-पुस, २०८० मा प्रस्तुत कार्यपत्र]. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग, संस्कृति समितिद्वारा आयोजित, काठमाडौं, बागमति, नेपाल।

तामाङ, आजितमान (२०२०क). तामाङ जातिको ठुङसा, बाब्सा र केसा [नेपाली]= भित्र फ्याफुल्लाः वर्ष. २९ (अंक ३९, पृष्ठ ३६-४४). अखिल भारतीय तामाङ बौद्ध संघ ।

तामाङ, आजितमान (२०२०ख, सेप्टेम्बर, १९). तामाङ शब्दको व्युत्पत्ति, राष्ट्रवाचक र जातिवाचक अर्थ र तामाङ शब्द तिब्बती र्तमग बाट निर्माण भएको होइनः एक अध्ययन. तेमाल अनलाईन *https://temalonline.com*. Retrieved November 5, 2024, fromhttps://temalonline.com/?p=30979&fbclid=IwAR2PFchcjiDiKJYNPKoRdnvcuwhn80ie2aOZLbivIAtQO02xLZ23B8B-jMk

तामाङ, अजितमान (२०१४) प्राचीन तत्वीय सम्बत ल्होकोर च्युङीः तत्वीय खगोलशास्त्रमा आधारित ल्होछार पर्वको परिचय [नेपाली]= याम्बुरी बुक प्वाइन्ट ।

तामाङ, अजितमान (२०१२ ). तामाङ जातिको चिनारी [नेपाली]]. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल तामाङ घेदुङ ।

तामाङ, अजितमान (२०१०). तामाङ जातिको इथ्नोग्राफिक प्रोफाइल. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

तामाङ, अजितमान (२००६). तामाङ जातिको मौखिक इतिहासका अवशेषहरू (३) [नेपाली]. कोनडोङडोङ थेत्मा ।

तामाङ, आदीप. (२०२४, जनवरी, २८). ब्रेल्साङला डीक्स्यु. ब्रेल्साङला डीक्स्यु, चु स्योस्यो सीक्कीमरी तामाङ युल्बाला जामेकोला स्यान्दो तामाङ आहीन्बा ह्रुअीला म्हा ताबासे १२ तामाङ ग्याल्बो च्युङीला छोक्पाग्याम्से ताबा बीसी खास्योरमा जेन ब्रेल्बा ताबा तामला स्योस्यो ।

ताउस्चर, ग्याब्रीएला/Tauscher, G. (2007). *Himalayan Mountain Cluts: Sailung Kalinchok Gosaikunda* [English]. Bajra Pabulications.

तामाङ, परशुराम (२००६). तामाङ जातिको नयाँ सहस्राब्दी विकास एजेण्डा. नेपाल तामाङ ग्हेदुङ र दुर्गाबहादुर तामाङ स्मृति प्रतिष्ठान ।

तामाङ, परशुराम (१९९४). तामाङ जाति. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तामाङ, पेम्पा (२००५). नेपालको इतिहासमा किपट प्रथा र तामाङ जाति. ह्योन्जन पब्लिकेशन ।

तामाङ, मुक्तसिंह (सम्पा.) (२००५). जीक्तेन तामछ्योओी [नेपाली-तामाङ]. तामाङ अध्ययन केन्द्र ।

तामाङ, मुक्तसिंह (२००४). ताम्सालिङका तामाङ जाति: विकासको वर्तमान स्थिति र चुनौतिहरू. ताम्सालिङ (नेपाल तामाङ ग्हेदङ काभ्रेको प्रकाशन-२०६१), १(१), १५-२२ ।

तामाङमोक्तान, बिरबहादुर (२०१८). मोक्तान वंशको कुल्यान पुस्तक (दोस्रो सं.). मोक्तान समाज मक्वानपुर ।

तामाङमोक्तान, बिरबहादुर (२०१३). म्रावाओी सीङ्गी [नेपाली]]. नेपाल तामाङ ग्हेदुङ मक्वानपुर जिल्ला कार्यसमिति ।

तामाङ, रविन्द्र ग्यावक (२०११). प्राचीन तामाङ राज्यहरू. याम्बुरी बुकप्वाइन्ट ।

तामाङ, रामसीं (२०१३). उत्तरी धादिङको तामाङ संस्कृति. आदिवासी जनजाति जिल्ला समन्वय समिति, धादिङ ।

तेन्जीन/Tenzin. (1991). A Brief Description of Yumbu Lakhar Castle (T. Rikey & A. Ruskin, Trans.). *The Tibet Journal*, *17*(2 Summer), 59–64. https://www.jstor.org/stable/43300436

देवकोटा, यादव.(२०१८, मइ १९). को थिए लिगलिग कोटका घलेहरू?. कान्तिपुर कोसेली. https://ekantipur.com/koseli/2018/05/19/152669709069341801.html

दोङतामाङ, लिलाबहादुर (२००३). तेमाल दरबार र तामाङ राजाहरू [नेपाली]. तामाङ डाजाङ ।

थामी, टहल/Thami, T. (2024). Customary Governance and State Legal System in Nepal. *Tri-Chandra Journal of Antropology (TAJ)*, *1*(1), 131–157. https://doi.org/10.3126/tja.v1i1.68018

नेपाल सरकार (२०१५). नेपालको संविधान [नेपाली]. नेपाल सारकार मुद्रण विभाग ।

नोर्बु, छोग्याल नाम्खाओी /Norbu, C. N. (2013). *A History of Zhang Zhung and Tibet: Vol. I* (N. Simmons, Ed.; D. Rossi, Trans.) [Englsih]. North Atlantic Book & Shang Shung Publication.

प्रधान, अन्जना/Pradhan, A. (2002, December 31). Tamangs and Limbus are now ST. *The Times of India*. https://timesofindia.indiatimes.com/city/kolkata/tamangs-and-limbus-are-now-st/articleshow/32994949.cms

फेटरम्यान, डि./Fetterman, D. (2011). *Ethnography Step by Step* (3rd ed.). SAGE Publications, Inc.

बमजन, एम.एस. (२००९). तामाङ जनजाति संघर्षको इतिहास (जस योन्जन, सम्पा.) [नेपाली]. अखिल भारतीय तामाङ बौद्ध संघ ।

बल, प्रताप तामाङ (२०१६). तामाङ ग्योत लोप्के: स्यारफाट, पाल्चोके, खाओीरी खान्दोके [तामाङ-नेपाली]. पर्शचिम बङ्गाल तामाङ डेबलोपमेन्ट एण्ड कल्चरल बोर्ड ।

भाइन्डिङ, माओीकल/Vanding. M. (1998). *The Thakali Himalayan Ethnography.* Adroit Publishers.

भेन्सीटार्ट, इडेन/Vansittart, E. (2012). *Handbooks for the Indian Army The Gurkhas* (3rd ed.) [English]. Asian

Educational Services.

भेन्सीटार्ट, इडेन/Vansittart, E. (1896). *Notes of Nepal* [English]. Office of the Superintendent of Government Pringting, India. https://archive.org/details/in.ernet.dli.2015.32145

भेन्सीटार्ट, इडेन/Vansittart, E. (1894). The Tribes, Clans, and Castes of Nepal. *Journal of the Asiatic Society of Bengal*, *63*(1), 2133–2249. https://dn790001.ca.archive.org/0/items/dli.calcutta.00061/1894_v63p1.pdf

मगर-नेसनल म्युजियम/*Magar–National Museum*. (2020, February 28). https://nationalmuseum.gov.np/archives/120

मोक्तान, बुद्धिमान (१९५६). जीक्तेन तामछ्योओी अथवा तामाङ वंशावली ह्रामा. बुद्धिमान मोक्तान दार्जिलीङ ।

रेग्मी, जगदिसचन्द्र (१९९४). काठमाण्डू शहर: सांस्कृतिक अध्ययन: भाग १ [नेपाली]. शिवप्रसाद उपाध्याय, अफिस अफ नेपाल एण्टीक्वेरी ।

लामा, जी.डी. (१९८३). तामाङ च्युङीला ठीमतेन तामछ्योओी. जी.डी. लामा ।

लामा, पाखीन, सन्तबीर (२०१३). ताम्बाकाइतेन व्हाइ रिमठिम तामाङका पुर्खौली रीतिथिति र गीत. रत्नपुस्तक भण्डार ।

शर्वहारी, कृष्णराज (२०२३). थारु समुदायको परम्परागत प्रणाली बरघर र यस बारेको ऐन. आदिवासी जनजाति अध्ययन *Indigenous Nationalities Studies*, *I*(I), **१७-२४**. http://inc.gov.np/eng/wp-content/uploads/2023/03/pdf

सुवेदी, राजाराम (१९९८). बाइसी राज्यको ऐतिहासिक रूपरेखा. नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

शर्मा, जनकलाल (२००१). हाम्रो समाज एक अध्ययन. (३)[नेपाली]. साझा प्रकाशन ।

शेर्पा, पासाङ/Sherpa, P. (2024). Role of Customary Governance in Resource Management of a Legal Pluralist Indigenous Community. *SMC Journal of Sociology*, *1*(1), 101–119. https://doi.org/10.3126/sjs.v1i1.63807

हेमील्टन, फ्रान्सिस/Hamilton, F. (1819). *An Account of Kingdom of Nepal* [English]. Printed for Archibald Constable and Company.

होफर, एन्ड्रास/Höfer, A. (1981). *Tamang Ritual Texts I Preliminary Studies on the Folk-Religion of an Ethnic Minority in Nepal* [English]. Franz SteinerVerlag-Wiesbaden.


## लेखक परिचय:

अजितमान तामाङ, त्रि.वि.नेपालभाषा केन्द्रीय विभागका, भाषाविज्ञान विषयका विद्यावारिधिका शोधार्थी हुन् । तामाङले त्रिभूवन विश्वविद्यलयबाट मानवशास्त्रमा स्नातकोत्तर, बौद्ध अध्ययनमा शास्त्री र बौद्ध अध्ययनमा स्नातकोत्तर र इतिहासमा स्नातक गर्नु भएको छ । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय मातहत रहेका लुम्बिनी विकास कोष (सास २०१२ -२०१७) र बौद्ध दर्शन तथा गुम्बा व्यवस्थापन समिति (सास २००८/२००९) पूर्व-सदस्यसचिवका रूपमा कार्यसम्पादन गरी सक्नु भएको छ । लेखकका तामाङ जातिको संस्कृति, तामाङ भाषा र लिपिका विषयमा दर्जन बढी पुस्तकहरू प्रकाशित छन् ।

❑❑

# अनुसूची–१

तामाङ परम्परागत शासन व्यवस्थाका आधार संरचना



## अनुसूची–२



ब्राएलशांगला डिक्स्यु

सिक्किम राज्यको अप्पर बुर्तुक निवासी स्वर्गीय की अनि स्वर्गीय ताङको जेठी सुपुत्री सुर्श्री तामाङ, उप्पर सामदुङ पुर्व सिक्किम निवासी, स्वर्गीय भोटिया एवं श्रीमति भोटियाको कान्छा सुपुत्र श्री छेडा भोटिया सँग विधिवत रूपले राजी खुशी विवाह भएको थाहा भयो।

तामाङ जातिको पारम्परिक मर्यादा एवं रीति रिवाज बमोजिम तामाङ जातिको छोरीले अन्य जातिसँग विवाह गरे बापत् सिलछाप गर्नु अनिवार्य भएकोले बाह तामाङको सभा बसी रिमठिम अनुरूप विधिवत रूपले थामताम गरियो। साथै अन्य जातिसँग विवाह गरेको हुनाले सभाले नियम बमोजिम रु. ........................ जात दण्ड पनि तोकियो।

अतः तामाङ जातीको परम्परा अनुरूप आज ता. २८ जनवरी, २०२४ आइतबार को दिन बाह तामाङको सभाको सामुहिक सहमति बमोजिम साङ्गेलाई साक्षी राखी सुश्री तामाङ र श्री छेडा भोटियालाई दाम्पत्य जीवनको श्रीमान-श्रीमती घोषित गर्दछौं। साथै पारम्पारिक मर्यादा पर्यान्त सुपुत्री सुर्श्री तामाङलाई हाम्रो कुलबाट निकाली वहाँको सुख-दुःखको पूर्ण दायित्व श्री छेडा भोटियालाई सुम्पन्दछौं।

हाम्रो सुपुत्री तामाङको पूर्णतय सुख-दुःखको दायित्व सुम्पिए बापत हाम्रो छोरीप्रति भविष्यमा कुनै अप्रिय, अमानवीय, अनैतिक, अवैधानिक प्रकारको अस्वीकार्य व्यवहार गरिने छैन भन्ने कुरामा हामी विश्वस्त छौं तर यदि यसो गरिएको खण्ड श्री छेडा भोटिया तथा उहाँको परिवार कानूनी, सामाजिक एवं पारम्परिक रूपले पूर्ण जिम्मेवार साथै जवाफदेही रहनेछ।

तामाङ,

साङ्गेलाई साक्षी राखी बाह तामाङ एवं जनसमूह अघि प्रतिज्ञा गर्दछु कि आजदेखि श्री छेडा भोटियालाई आफ्नो पतिको रुपमा स्वीकार गर्दछु। हाम्रो विवाहित जीवन सम्बन्ध सदा सर्वदा प्रगाढ रहनेछ र उनीप्रति जस्तै प्रकारको आपद-विपदमापनि पूर्णरूपले सहयोगी बन्न प्रतिज्ञा गर्दै होस-हवासको साथमा सही गर्दछु।

तामाङ

भोटिया,

साङ्गेलाई साक्षी राखी बाह तामाङ एवं जनसमूह अघि प्रतिज्ञा गर्दछु कि आजदेखि ना तामाङलाई आफ्नो पत्नीको रुपमा स्वीकार गर्दछु। हाम्रो विवाहित जीवन सम्बन्ध सदा सर्वदा प्रगाढ रहनेछ र उनीप्रति जस्तै प्रकारको आपद-विपदमापनि पूर्णरूपले सहयोगी बन्न प्रतिज्ञा गर्दै होस-हवासको साथमा सही गर्दछु।

भोटिया

तामाङ जातिको रीतिरिवाज र परम्परा अनुसार नव दम्पति विवाहको पवित्र सुत्रमा बाँधिएको हुनाले हामी बाह तामाङहरूले यस सम्बन्धप्रति प्रसन्नता ब्यक्त गर्यौं।

१............ ७............
२............ ८............
३............ ९............
४............ १०............
५............ ११............
६............ १२............

हामी साङ्गेप्रति यी नव दाम्पत्य जीवनको सफलता र खुशीको प्रार्थना गर्दछौं।

आचार्य ( ) तामाङको बडी। (रि ) तामाङको काका।

स्थानः अप्पर बुर्तुक, गान्तोक, मितिः २८ जनवरी, २०२४

१२ तामाङ ग्याल्ठी छोक्पा बाह्रतामाङ सभाकाब्रेलसाङला डीक्स्यु बिबाहको स्वीकृती
(स्रोत: आदीप तामाङ, महासचिव,सीक्कीम तामाङ बौद्ध संघ)

## अनुसूची–३

रसुवा जिल्लाका आमाछोदीङमो गाउँपालिका गालाङ तामाङ गाउँका चोको



(गालाङ स्युङका २०२३ आसोज देखि २०२४ असोज एककार्यकालका चोको । तस्विर: अजितमान तामाङ)



(मंसिर मानी समारोह समापन पछि ल्हुङबा नागरिकद्वारा चोकोहरूलाई श्रद्धापूर्वक निवास तर्फ सवारीको तयारी । तस्विर: अजितमान तामाङ)